बेसीशहर नगरपालिकाको नगरसभाको १९ औं अधिवेशनको प्रथम बैठकमा
नगर उपप्रमुख श्री पद्मा गुरुङले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बेसीशहर
असार १० , २०८३

# बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति, कार्यक्रम तथा बजेट

**१९ औं नगरसभा अधिवेशनका सभाध्यक्ष एवम् नगरप्रमुखज्यू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**सम्पूर्ण नगरसभासद्ज्यूहरु,**
**कर्मचारी, पत्रकार तथा उपस्थित महानुभावहरु ।**

१. नेपालको संविधानको धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० को राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम नगरसभा अधिवेशन समक्ष नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अभ्यासलाई निरन्तरता दिंदै बेसीशहर नगरपालिकाको गरिमामय नगरसभाको १९ औं अधिवेशन समक्ष नगर उपप्रमुखको पदिय हैसियतमा जिम्मेवारीबोधका साथ उभिएर बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवान्वित महसुस गरिरहेको छु ।

२. यस अवसरमा सर्वप्रथम देशमा राष्ट्रिय अखण्डता, स्वतन्त्रता, लोकतान्त्रिक अधिकार, जनजिविका र सुशासनको लागि भएका आन्दोलनहरुमा आफ्नो जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली तथा उच्च सम्मान व्यक्त गर्दछु ।साथै शहीदहरुले देखेका सपना पुरा गर्नेतर्फ निरन्तर निष्ठापूर्वक लागि रहने प्रेरणा सदैव प्राप्त भईरहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

३. नयाँ संविधान प्राप्त भए पछिको स्थानीय तहको दोश्रो निर्वाचनबाट हामी निर्वाचित भएर आएको ४ बर्ष पुरा भएको छ । हाम्रो कार्यकालले ल्याउने नीति, कार्यक्रम तथा बजेट सम्भवतः यो नै अन्तिम हो । लोकतन्त्रको सुन्दरता भनेकै आवधिक निर्वाचन हो । समयमै स्थानीय तहको निर्वाचन सम्पन्न होस् र नयाँ जन अनुमोदित नेतृत्वले अझ प्रभावकारी तवरले स्थानीय सरकार सञ्चालन गरोस् भन्ने हामी सबैको चाहना रहनु स्वाभविकै हो तर हामी हाम्रो कार्यकालको अन्तिम विन्दूसम्म आफ्नो क्षमताले भ्याएसम्म पूर्ण सामर्थ्यका साथ निष्ठापूर्वक नगरपालिकाको शिर उचो बनाउने गरी जनताकै सेवामा डटेर लागि रहने प्रण गर्दछु र हामी सबैमा त्यही भावना जागृत भएको छ भन्ने मैले ठानेको छु ।

४. चुनौती र अवसरका विच हामीले कति इमान्दारिता र इच्छाशक्तिका साथ काम गर्न सक्यौं त्यो त मूल्याङ्कन भएको होला र हुँदै पनि जाला । परन्तु नगरपालिकाको संस्थागत तवरबाट पनि स्थानीय तहको दुई कार्यकालमा भएका समग्र प्रगति तथा उपलब्धीहरुलाई समिक्षा, अध्ययन/मूल्याङ्कन गरी दस्तावेजको रुपमा प्रकाशन तथा प्रसारण गर्नु जवाफदेहिता र पारदर्शिताको दृष्टीकोणबाट समेत हाम्रो जिम्मेवारीमा पर्दछ भन्ने महसुस हामीले गरेका छौं ।

५. देशले संघीय शासन प्रणालीको अभ्यास गरेको झण्डै एक दशक पुग्न लागेको यो समयमा अझै पनि तीनै तहका सरकारहरु विचको प्रभावकारी समन्वय र सहकार्यले मात्रै जनताको विकास र सुशासन प्रतिको प्रबल चाहना पुरा हुँदै जानेछ भन्ने विश्वास लिएको छु।

**सम्पुर्ण नगरसभा सदस्यज्यूहरु !**

६. सीमित श्रोत र साधनको बुद्धिमतापूर्ण उपयोगबाट प्रभावकारी रुपमा स्थानीय सेवा प्रवाह र स्थानीय विकास निर्माणालई अघि बढाउनुपर्ने दायित्व हामी माझ रहँदै आएको छ । स्थानीय सरकारको प्रमुख दायित्व सेवा प्रवाह नै भए पनि स्थानीय जनताको माग ठूला विकास निर्माण देखि मध्यम तथा सानातिना विकास निर्माणसम्म रहने गरेको छ । बजेटको अवस्थालाई हेर्ने हो भने ठूला प्रकृतिकका आयोजनाहरु हामीले सञ्चालन गर्न सक्ने अवस्था नै छैन । तैपनि जनताको दैनन्दिनसंग साक्षात्कार भई

रहनु पर्ने स्थानीय सरकार टुलुटुलु हेरेर बस्न मिल्ने कुरा पनि भएन । जे जस्तो परिस्थितिमा पनि जनताको माग र आवश्यकता सम्बोधन गर्नु हाम्रो परम् कर्तव्य हो भन्ने कुरामा दुई मत नै छैन ।

७. विगत केही वर्षको तथ्याङ्कलाई मात्रै केलाएर हेर्यौं भने पनि स्थानीय तहमा आउने निशर्त अनुदानको हिस्सा बृद्धि हुन सकेको देखिदैन । आफ्नो आन्तरिक आम्दानी उल्लेख्य हुन नसक्ने हामी जस्ता कयौं स्थानीय तहहरुको मुख्य बजेटको हिस्सा संघीय सरकारबाट आउने अनुदान नै हो भन्ने कुरामा दुइमत छैन । निशर्त प्राप्त हुने संघीय समानीकरणतर्फ एकातिर अनुदान बृद्धि हुनुको साटो स्थिर छ भने अर्कोतर्फ तेश्रो चौमासिकमा आएर केही न केही प्रतिशत कटौती गरिदिने कार्य पनि विगत वर्षहरुदेखि चालु आर्थिक वर्षसम्म जारी नै छ ।

८. गत असारमा सम्पन्न १७ औं नगरसभा अधिवेशनबाट हामीले कुल रु. ७८ करोड ४८ लाख ९२ हजार बजेट पारित गरी चालु आर्थिक वर्षमा प्रवेश गरेका थियौं जसमध्ये रु. ३६ करोड ७७ लाख (४६.८४%) संघीय सशर्त अनुदानको हिस्सा थियो । चालु आ.व. मा सम्पन्न १८ औ नगरसभा अधिवेशन हुँदै गरी यहाँ सम्म आइपुग्दा चालु आ.व. २०८२/८३ को संशोधित आय बजेट अनुमान रु. ८१ करोड ५७ लाख ०२ हजार ९२७ रहेको व्यहोरा सहर्ष जानकारी गराउँदछु ।चालु आ.व.को लागि संघीय राजश्व बाँडफाँड अन्तर्गतको विद्युत रोयल्टी रु. २ करोड ५० लाख अनुमान गरिएकोमा रु. ३ करोड १६ लाख १३ हजार ८९२ प्राप्त भएको व्यहोरा अवगत गराउँदछु ।

९. गत आ.व. २०८१/८२ को लागि रु. ६ करोड ३६ लाख २२ हजार आन्तरिक आय अनुमान गरिएकोमा रु. ५ करोड ४९ लाख ८२ हजार ययार्थ आय भएको छ । जुन कुल लक्ष्यको ८६.४१ प्रतिशत हो । उक्त रकम गत भन्दा अघिल्लो आ.व. २०८०/८१ को यथार्थ आयको तुलनामा ४७ लाख ३६ हजारले बढी हो ।

**अध्यक्ष महोदय,**

१०. बार्षिक बजेट बजेट तर्जुमा गर्ने सन्दर्भमा सार्वजनिक सूचना जारी गरी सुझाव संकलन गर्ने कार्य भएको थियो । नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्राप्त भएका रचनात्मक सुझावहरुलाई समेत ग्रहण गरिएको छ ।बस्ती तथा वडास्तरीय योजना तर्जुमा गोष्ठीहरुबाट समेत सुझाव तथा योजना/कार्यक्रम प्राप्त भएका छन् भने विषयगत योजना तर्जुमा, बजेट तथा कार्यक्रम तर्जुमा बैठक तथा वडा समिति र कार्यपालिका बैठकमा समेत यस विषयमा पटक पटक छलफल र अन्तर्क्रियाहरु भै रहेका छन् । वार्षिक योजना तर्जुमा गर्दै गर्दा राष्ट्रिय योजना आयोगले तयार गरेको "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८" मा भएको व्यवस्थालाई अधिकतम् पालना गर्ने प्रयास गरिएको छ ।राजश्व परामर्श समितिको पटक पटकको बैठक, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक, बस्ती तथा वडास्तरीय भेला/बैठक, विषयगत समितिका बैठकहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र नगर कार्यपालिकाका बैठकहरु हुँदै हामी आजको यो नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने चरणसम्म आइपुगेको व्यहोरा सम्पूर्ण नगरसभासदस्यज्यूहरुमा सगौरव स्मरण गराउँदछु ।

**नगर सभासद्ज्यूहरु,**

११. बेसीशहर नगरपालिकाको चालु आ.व.मा हासिल गरिएका प्रगतिहरुको सम्बन्धमा तत्कालीन अवधीसम्म हासिल भएका केही प्रगतिहरु गत नगरसभा अधिवेशन समक्ष पनि प्रस्तुत गरिएको सहर्ष स्मरण गराउँदै अव म चालु आ.व. २०८२/८३ का हालसम्म हामीले सम्पन्न गरेका मुख्य मुख्य कार्यक्रम तथा हासिल गरेका मुख्य मुख्य उपलब्धीहरुलाई यस नगरसभा समक्ष संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१२. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले विभिन्न क्षेत्रका १७ वटा सूचकहरुमा रहेर देशभरका ७५३ वटै स्थानीय तहहरुको गत आ.व. २०८१/८२ को चालु आ.व. मा गरेको कार्य सम्पादन मूल्याङ्कनमा बेसीशहर नगरपालिकाले कुल ७६.२८ अंक

प्राप्त गरी देशभरमा सोह्रौं स्थान, प्रदेशमा तेश्रो स्थान तथा जिल्लामा प्रथम स्थान हासिल गरेको छ । गत आ.व. मा पनि हामी देशभरमा २१ औं स्थान हासिल गरेको पुनः स्मरण गराउँदछु ।

१३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुका लागि कार्यान्वयनमा ल्याएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली सम्बन्धी पोर्टलमा बेसीशहर नगरपालिकाले १०० वटै सूचक र २०० वटै उपसूचकहरुमा तोकिए वमोजिमका गत आ.व.संग सम्बन्धित विवरणहरु चालु आ.व.मा प्रविष्टि गरिसकेको छ र कुल ७७.६ अंक हासिल गरेको छ ।

१४. गत आ.व. २०८१/८२ को वार्षिक प्रगति समीक्षा सम्पन्न गरी समीक्षा प्रतिवेदन पुस्तकको रुपमा प्रकाशन गरी यहाँहरु समक्ष आर्थिक वर्षको शुरुवातमा नै ल्याइसकेका छौं । जस अनुसार गत वर्ष हामीले ८३.०९% वित्तिय प्रगति हासिल गरेका थियौं जसमध्ये पूँजीगत बजेटतर्फ वित्तिय प्रगति ८४.१६% र भौतिक प्रगति ९२.५० % हासिल गरेको सहर्ष स्मरण गराउँदछु । चालु आ.व.को प्रथम तथा दोश्रो चौमासिक समीक्षा कार्यक्रम पनि सम्पन्न गरिएको छ साथै बार्षिक प्रगति समीक्षा आगामी साउन भित्र सम्पन्न गरिने कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

१५. चालु आ.व. २०८२/८३ को कुल संशोधित आय अनुमान रु. ८१ करोड ५७ लाख ०२ हजार ९२७ रहेकोमा २०८३ जेठ मसान्त सम्ममा रु. ७४ करोड ४२ लाख १६ हजार ४२१ अर्थात कुल अनुमानको ९१.२३% यथार्थ आम्दानी भएको छ । २०८३ जेठ मसान्तसम्ममा चालुतर्फ ३६ करोड २८ लाख २८ हजार (६४.९८%) तथा पूँजीगततर्फ ११ करोड ०३ लाख ०२ हजार (४२.८७%) खर्च भई कुल रु. ४७ करोड ३१ लाख ३० हजार (५८%) खर्च भएको छ ।

१६. चालु आ.व. २०८२/८३ को लागि ६ करोड ०५ लाख ६५ हजार आन्तरिक आय (स्थानीय राजश्व समेत) अनुमान गरेकोमा २०८३ जेठ मसान्तसम्म रु. ५ करोड ०१ लाख ५६ हजार अर्थात कुल लक्ष्यको ८२.८१ % यथार्थ आय भएको छ । आन्तरिक आय अनुमानमा महत्वपूर्ण हिस्सा ओगट्ने प्राकृतिक श्रोत उपयोग कर (ढुंगा गिटी बालुवा) बाट रु. १ करोड आम्दानी गर्ने लक्ष्य राखिएकोमा २०८३ जेठ मसान्तसम्म रु.१ करोड २० लाख ०७ हजार अर्थात लक्ष्यको १२० % आम्दानी गर्न सफल भएको र असार मसान्तसम्ममा थप रकम प्राप्त हुने अवस्था रहेको व्यहोरा सहर्ष जानकारी गराउँदछु ।

१७. महालेखापरीक्षकको कार्यालयबाट बेसीशहर नगरपालिकाको गत आ.व. २०८१/८२ को अन्तिम लेखा परीक्षण कार्य चालु आ.व.मा सम्पन्न भई अन्तिम प्रतिवेदन समेत प्राप्त भएको छ । उक्त प्रतिवेदन अनुसार रु. १ अर्व ८० करोड ५० लाख ३९ हजार लेखा परीक्षण गरिएकोमा रु. ९७ लाख ५७ हजार मात्र (०.५४%) बेरुजु देखिएको छ । उक्त बेरुजुमध्ये रु. १ लाख २२ हजार प्रतिक्रियाबाट फछ्यौंट भई बाँकी बेरुजुमा असुल उपर गर्नुपर्ने ८ लाख ४८ हजार, नियमित गर्नुपर्ने ७५ लाख ०७ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु. १२ लाख ७९ हजार रहेको छ ।उक्त प्रतिवेदन महालेखा परीक्षकको कार्यालयको वेभ साईटमा समेत अपलोड गरिएको हुँदा जो कोहीले पनि सजिलै अध्ययन गर्न तथा जानकारी लिन सकिने अवस्था छ । लेखा परीक्षणबाट प्राप्त भएका सुझावहरुलाई मनन् गर्दै असुल उपर गर्नुपर्ने बेरुजुलाई असुल उपर गर्नेतर्फ तथा नियमित गर्नुपर्ने सैद्धान्तिक बेरुजुलाई सम्परीक्षण गर्नेतर्फ आवश्यक कार्य गरिंदै आइएको छ ।

१८. चालु आर्थिक वर्षको हालसम्म कुल १३ वटा कार्यपालिका बैठक सम्पन्न भई कुल १९३ वटा निर्णय भई कार्यान्यनमा गएका छन् । कार्यपालिका बैठकको निर्णय वडा कार्यालय तथा शाखाहरुमा पठाउने तथा नगरपालिकाको वेभ साइटमा समेत नियमित रुपमा अपलोड गरिएको छ । साथै चालु आर्थिक वर्ष २०८२/८३ मा नगरसभाको १८ औं अधिवेशन सफलतापूर्वक सम्पन्न भएको छ ।

१९. कार्यपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता विकास तालिम उपलब्ध गराइएको छ । जसबाट स्थानीय शासन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मद्दत पुगेको छ । सुशासन र पारदर्शिताको लागि नगरपालिकाको कार्यालय

परिसरमा नागरिक वडापत्र अद्यावधिक गरी टाँस गरिएको छ। सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र १६ वटा सामुदायिक विद्यालयहरुमा ई हाजिरी जडान भई सञ्चालनमा आएको छ । उत्कृष्ट कर्मचारीहरु तथा शिक्षक छनौट गरी सम्मान गरिएको छ ।

२०. नगरपालिकाको गुनासो व्यवस्थापन प्रणालीलाई डिजिटाइज गरी प्रभावकारी बनाइएको छ । यसको लागि घरमै बसी बसी वा जुनसुकै स्थानबाट पनि नगरपालिकामा गुनासो गर्न सकिने QR कोडमा आधारित गुनासो व्यवस्थापन प्रणालीको थालनी गरिएको छ ।यसमा गुनासोकर्ताले आफ्नो गुनासोको सुनुवाई तथा सम्बोधन भयो भएन भनेर ट्र्‍याकिङ गर्न सकिने समेत व्यवस्था रहेको छ ।

२१. चालु आ.व.मा बेसीशहर नगरपालिका-६ चण्डीस्थान र बेसीशहर नगरपालिका-५ बाखेजगतमा सार्वजनिक सुनुवाई सम्पन्न भई उक्त प्रतिवेदनको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल समेत गरी प्राप्त भएका गुनासाहरुलाई सम्बोधन गर्ने तथा उपयुक्त सुझावहरुलाई स्वीकार गरी सुधार गर्दै लगिएको व्यहोरा सादर अनुरोध गर्दछु । साथै हालैमात्र सञ्चालनमा ल्याइएको डिजिटल गुनासो व्यवस्थापन प्रणाली तथा हेलो सरकारबाट प्राप्त २६ वटा गुनासोहरु तथा फोन, इमेल तथा प्रत्यक्ष भेटेर राखिएका अधिकांश गुनासोहरु सम्बोधन गरिएको छ ।

२२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको सन्दर्भमा पारदर्शिता, जवाफदेहिता र सुसशानको लागि सार्वजनिक निकायहरुले विभिन्न विषयहरुसंग सम्बन्धित सूचनाहरु स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था भए अनुसार निरन्तर सूचना प्रकाशन गरिएको छ । साथै नगरपालिकाका गतिविधिहरुमा नागरिकहरुको पहुँच अभिबृद्धि गर्न नगरपालिकाको वेभ साइट, सामाजिक सञ्जाल नियमित अपडेट गर्ने तथा त्रैमासिक रुपमा बुलेटिन प्रकाशन गर्ने गरिएको छ । चालु आ.व.मा सूचनाको हक अन्तर्गत प्राप्त निवेदनहरुमध्ये शत प्रतिशत सूचना उपलब्ध गराइएको छ ।

२३. बेसीशहर नगरपालिका र अन्तर्गतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई गुणस्तरीय, प्रविधमैत्री, छिटोछरितो, एकरुपता कायम गर्ने तथा स्तरीय बनाउने लक्ष्य अनुसार विभिन्न कार्यहरुको शुरुवात गरिएको छ । हालैमात्र हालै मात्र बेसीशहर नगरपालिकाले 'एकीकृत सेवा व्यवस्थापन प्रणाली लागू गरेका छ। जसमा ई-सिफारिस, योजना, संघ संस्था दर्ता, विद्युतीय घर नक्शा पास प्रणाली, डिजिटल नागरिक वडापत्र लगायतका कार्यहरु समावेश छन् । यसले नगरपालिका र सेवाग्राही दुवैको समय बचत गर्नुका साथै अभिलेख व्यवस्थापन, छिटो र गुणस्तरीय सेवा प्रवाह एवम् पारदर्शीता प्रवर्द्धनमा मद्दत पुर्याउने अपेक्षा गरिएको छ ।

२४. चालु आर्थिक वर्षमा कार्यक्रम कार्यान्वयनको लागि कार्यक्रम कार्यान्वयन कार्यतालिका (work plan) निर्माण गरी कार्य गरिएको, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत विच कार्य सम्पादन सम्झौता भई उक्त कार्यसम्पादन सम्झौता विभिन्न चरणमा शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था इन्चार्ज एवम् विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुसम्म पुगेको छ । साथसाथै संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन समेतका आधारमा शाखा तथा कर्मचारीहरुलाई अद्यावधिक कार्य विवरण उपलब्ध गराइएको छ ।यसले सबै कर्मचारीहरुमा आफ्नो जिम्मेवारी र कर्तव्यवोध गराई कार्य सम्पादनमा सकारात्मक प्रभाव परेको छ ।

२५. नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्र कार्य गर्ने आमा समूह, क्लव तथा अन्य संघसंस्थाहरुको दर्ता /नविककरण नगरपालिकामा नै गर्ने व्यवस्था मिलाएको छ ।

२६. सेवाग्राहीहरुको सहजताको लागि छुट्टै नागरिक सहायता कक्षको व्यवस्था, मोवाइल चार्जिङ सुविधा, कार्यकक्ष/कोठाहरुको नम्वरिङ, सेवाग्राहीहरुको निवेदन लेखिदिने तथा स्तनपान कक्षको व्यवस्था लगायत स-साना तर महत्वपूर्ण विषयहरुमा ध्यान पुर्याइएको छ ।

२७. जिल्ला प्रहरी कार्यालयसंगको समन्वयमा नगरपालिका प्रवेश गर्ने र निस्कने नाका र मुख्य बजार क्षेत्रमा सुरक्षा दृष्टिकोणले अत्यन्त उपयोगी हुने ANPR क्यामेरा जडान गरिएको छ । जसबाट भित्रिने र वाहिरिने सवारी साधनहरुको नम्बर प्लेट समेत रिडिङ गर्न सकिने भएको छ । जसले नगरको शान्तिसुव्यवस्था, सडक सुरक्षा, ट्राफिक अनुगमन कार्यलाई सुदृढीकरण गर्नुका साथै संघीय निकायहरुसंगको साझेदारीलाई सघन बनाएको छ ।

२८. सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System) को प्रयोगलाई प्रभावकारी बनाइएको छ । खरिद गरिएका उपकरण तथा मालसामानहरुको विवरण तथा त्यसको प्रयोग र हस्तान्तरण सम्बन्धी तथ्याङ्कलाई व्यवस्थित बनाइएको छ ।

२९. आवश्कयतानुसार कार्यविधि र निर्देशिकाहरूको निर्माण तथा स्थानीय राजपत्र प्रकाशन, गर्ने कार्य भै रहेको छ । यसको लागि विधायन समितिलाई सक्रिय बनाइएको छ ।

३०. नगरपालिकामा पहिलो पटक वडा नं ७ र ८ बाट जि.आइ.एस. मेट्रिक ठेगाना प्रणालीमा आधारित घर नम्बरिङ गर्ने कार्यको शुरुवात गरिएको छ जसले सार्वजनिका सेवा प्रवाह, आपतकालीन सेवा तथा कर प्रशासनलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन सघाउ पुर्याएको छ ।

३१. नगरपालिकाबाट हुने कार्यक्रम तथा गतिविधिहरुलाई आ आफ्नो हिसावले सार्वजनिक गर्दा दुविधा उत्पन्न हुने तथा त्यसको वैधता र आधिकारिकताको लागि पनि एकद्वार प्रणालीबाट सार्वजनिक गर्ने परिपाटीको शुरुवात गरिएको छ ।

३२. नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु लगायत सामुदायिक विद्यालयहरुको संस्थागत क्षमता विकासको लागि सुचना प्रविधिजन्य उपकरणहरुको आपुर्ति, निरन्तर मर्मत सम्भार गरी सेवाप्रवाहलाई अविछिन्नरुपमा सञ्चालन हुने व्यवस्था मिलाइएको छ ।

३३. नगरपालिकाको कार्यालयमा इन्टरनेट समस्याको कारण सेवा प्रवाह र सफ्टवेयर, पोर्टल सञ्चालनमा कठिनाई उत्पन्न भएको विषयलाई मध्यनजर गर्दै हालै मात्र नयाँ इन्टरनेट जडान भई उक्त सेवा सुचारु भएको छ । अव आइन्दा इन्टरनेटको कारण सेवा प्रवाह र कार्य सम्पादनमा कुनै कठिनाई उत्पन्न नहुने परिस्थिति निर्माण भएको छ ।

३४. स्थानीय शासन प्रक्रियामा जनतालाई बढीभन्दा बढी संलग्न गराउने तथा सामाजिक समावेशीकरणको मर्मलाई सार्थक वनाउने उद्देश्य अनुरुप योजना छनौट, निर्णय प्रक्रिया तथा कार्यान्वयन तहमा नागरिकहरुको अर्थपूर्ण सहभागिताको पक्षलाई ध्यानमा राखि कार्य अघि बढाइएको छ । यसै अनुरुप वडा तथा नगरस्तरीय महिला सञ्जाल, बाल सञ्जाल, ज्येष्ठ नागरिक मञ्च, नगरस्तरीय अपाङ्गता सञ्जालहरुको संस्थागत विकास गर्दै नगरपालिकाको कार्यक्रम छनौट तथा कार्यान्वयनमा परिचालन गरिएको छ । सबै ठाउँमा सधैं भेटिने आमा समुहहरुलाई महिला हितको क्षेत्रमा मात्र नभै समुदायको समग्र विकासमा परिचालित गर्ने गरी कार्यविधि तर्जुमा गरी क्षमता विकासमा जोड दिइएको छ । महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरण कार्यक्रमहरु सम्पन्न गरिएका छन् ।

३५. बेसीशहर नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने लक्ष्य अनुरुप हालसम्म ८ वटा वडाहरु बालमैत्री वडा घोषणा भै सकेको व्यहोरा जानकारी गराउन पाउँदा खुशी लागेको छ ।चालु आर्थिक वर्षमा वडा नं ३ र ५ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ । २०८३ जेठ गते वडा नं ३ लाई र २०८३ असार ६ गते वडा नं ५ लाई भव्य समारोहका विच बालमैत्री वडा घोषणा गरिएको छ । यस अवसरमा म दुवै वडाका वडाध्यक्ष लगायत जनप्रतिनिधि, कर्मचारी, वडाबासी तथा सहयोगी निकायहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

३६. ४६ जना पुरुष तथा २६ जना महिला गरी कुल ७२ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरिएको छ । परिचय पत्रहरु डिजिटल माध्यमबाट वितरण गर्न थालिएको छ ।

३७. चालु आ.व.मा कुल ७२ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरिएको छ । परिचय पत्रहरु डिजिटल माध्यमबाट वितरण गर्न शुरुवात गरिएको छ ।ज्येष्ठ नागरिक, दीर्घ बिरामी तथा अपाङ्गता भएकाहरुको स्याहारसुसार तथा रेखदेखमा तल्लिन ५० जना हेरचाहकर्ता/संरक्षकहरुलाई चालु आ.व.मा पनि नगरपालिकास्तरमा सम्मान गरिएको छ । ४५ जना ज्येष्ठ नागरिकहरुलाई २ दिने तिर्थाटन कार्यक्रममा सहभागि गराईएको छ ।

३८. चालु आर्थिक वर्षको हालसम्म कुल ३० जना व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र उपलब्ध गराइएको छ । कुल ५० जना अपाङ्गता भएका व्यक्तिहरुलाई रु. २ लाख बराबरको विभिन्न सहायता समाग्रीहरु उपलब्ध गराइएको छ । यसै गरी कुल २६ जना अपाङ्गता भएका व्यक्तिका घर परिवारहरुलाई जिविकोपार्जनमा सहयोग गरिएको छ ।

३९. महिलाहरुको समग्र हितको लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएको, अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा डिजिटल साक्षरता सम्बन्धी अभिमुखीकरण गरिएको, तीन वटा वडाका १५० भन्दा बढी आमा समुहहरुका प्रतिनिधिहरुको लागि बोल्ने कलासीप तथा संस्थागत क्षमता विकास तालिम प्रदान गरिएको, अति विपन्न ३३ जना महिलाहरुको लागि जिविकोपार्जनमा सहयोग गरिएको, वडास्तरमा पनि महिलाहरुलाई विभिन्न तालिमहरु प्रदान गरिएको छ । नगर तथा वडास्तरीय महिला सञ्जालहरुको संस्थागत विकास गर्दै विभिन्न कार्यक्रमहरुमा परिचालित गरिएको छ ।

४०. दलित समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि बाजा बजाउने तालिम, भेदभाव विरुद्धको अभियानका लागि बृत्तचित्र निर्माण, दलित पत्रकारहरुको क्षमता विकास तालिम, विपन्न दलितहरुका लागि आर्थिक सहयोग प्रदान गरिएको छ ।

४१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गरिएको छ । १६५ जनाको लगत कट्टा गरिएको छ । चालु आ.व.को हालसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ४९८१ लाभग्राहीहरुलाई तेश्रो त्रैमासिक अवधीसम्मको रु. १४ करोड ६४ लाख ४१ हजार सम्बन्धित व्यक्तिको खातामा पठाईएको छ ।

४२. सहकारी संस्थाहरूमा सुशासन, पारदर्शिता तथा प्रभावकारी व्यवस्थापन कायम गर्ने उद्देश्यले सञ्चालक समिति तथा व्यवस्थापकहरूलाई लक्षित गरी क्षमता विकास तालिम सञ्चालन गरिएको छ । संचालनमा नरहेका तथा निष्क्रिय सहकारी संस्थाहरूलाई पुनः सञ्चालनमा ल्याउने उद्देश्यले निरन्तर रूपमा फलोअप गरिएको छ। सूचना प्रविधि प्रणालीमार्फत सहकारी संस्थाहरूको अनुगमन, मूल्याङ्कन तथा अभिलेखीकरण कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइएको छ।

४३. भू-उपयोग नीति तथा प्रचलित कानुनी व्यवस्था बमोजिम भू-उपयोग वर्गीकरण कार्य सम्पन्न गरिएको छ। केही नेपाल ऐन संशोधन विधेयक, २०८३ मा भएको संशोधन बमोजिम उपयोग क्षेत्र फरक परेका जग्गाहरूको आवश्यक संशोधन अब सम्बन्धित नगरपालिका स्तरबाटै गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ। यसले सेवाग्राहीलाई छिटो, सरल तथा प्रभावकारी सेवा प्रवाहमा सहयोग पुगेको छ।

४४. रोजगार सेवा केन्द्र अन्तर्गत ४०० जनालाई निशुल्क श्रम स्वीकृतिमा सहजीकरण, २० जनालाई बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिएको रु. ७ लाख बराबरको आर्थिक सहायतामा सहजीकरण, बैदेशिक रोजगारीबाट फर्किएकालाई उद्यमशिलता तालिम, १५ जना सूचीकृत बेरोजगारहरुलाई १०० दिन बराबरको रोजगारी सिर्जना गरिएको छ ।

४५. आप्रवासी श्रोतकेन्द्रको सहजीकरणमा जम्मा १२ वटा बैदेशिक रोजगार सम्बन्धी ठगीका केशहरु सहजीकरण गरी कुल रु. २९ लाख ७० हजार सम्बन्धित पीडितहरुलाई फिर्ता गराइएको छ ।

४६. वैदेशिक रोजगारी सम्बन्धी कार्यगर्न स्थापित आप्रवासी स्रोत केन्द्रलाई व्यवस्थित बनाइएको, विदेशबाट फिर्ता भएका, अलपत्र परेका वा अन्य समस्यामा परेकाहरुको सहजीकरण तथा तथ्याङक संकलनको लागि २ जना रिटर्नी भोलिन्टियर भर्ना गरी परिचालन गरिएको छ।

४७. अघिल्लो आर्थिक वर्षबाट सरि आएको ३ वटा उजुरी र यस आ.व. मा दर्ता हुन आएको ३७ वटा उजुरीहरु गरी न्यायिक समितिमा दर्ता भएका जम्मा ४० वटा उजुरीहरुको न्यायिक प्रक्रिया अबलम्बन गरी आवश्यक कारवाही गरिएको छ । "समुदायमा न्यायिक समिति" कार्यक्रम अन्तर्गत नगरवासीहरुलाई कानूनी सचेतना अभिवृद्दि गर्ने उदेश्यले ८ वटा वडाहरुमा १/१ दिनको न्यायिक सचेतना कार्यक्रम सञ्चालन गरिएको छ।

४८. यस आ. व. मा कार्यविधिहरु ५ वटा, कार्यसञ्चालन निर्देशिका १ वटा र कानून तर्जुमा दिग्दर्शन १ वटा गरी जम्मा ७ वटा कानूनहरु नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ। जिल्ला अदालत लमजुङबाट न्यायिक समितिको काम कारवाहीको अनुगमन भएको र अनुगमनका सिलसिलामा दिईएका सुझावहरुलाई न्याय सम्पादनको प्रक्रियामा अबलम्बन गरिएको छ।

४९. चालु आर्थिक वर्षमा कुल ४७ जना (जसमध्ये ३ जना महिला) युवाहरुलाई लक्षित गरी ४५ दिने हलुका सवारी चालक तालिम उपलब्ध गराइएको छ । र हालसम्म ६ जनाले लाइसेन्स समेत निकाल्न सफल हुनुभएको छ भने अन्य धेरै जना प्रक्रियामा रहेका छन् । यसै गरी ३ महिने सिलाई कटाइ तालिम सम्पन्न भएको छ भने वडा नं २ मा लघु उद्यमी महिला समुहलाई फाइबर तथा सजिलो झोला उत्पादनको लागि ग्रामिण सामुदायिक विकास केन्द्र, उक्त समुह समेतको सहकार्य र सह लगानीमा तालिम तथा मेसिनहरु उपलब्ध गराइएको छ र तालिमको दौरानमा झोला उत्पादन समेत भएको छ ।

५०. कृषि यान्त्रिकरण तथा कृषि औजार प्रवर्द्धन कार्यक्रम तर्फ १२४ वटा मिनि टिलर, ४ वटा मल्टी क्रप थ्रेसर, कृषिजन्य सामाग्री ५० प्रतिशत अनुदान सहयोगमा जम्मा २२१ जना कृषकहरुलाई उपलब्ध गराईएको छ, ३६ वटा टनेल घरहरु निर्माण भएका, ४ वटा मौरी मिनिपकेट क्षेत्रलाई समेट्दै ९६ वटा आधुनिक मौरी घारहरु थप गरिएको छ र स्थानीयस्तरमा महको उत्पादन वृद्धि हुँदै गएको छ ।

५१. ४ वटा बाली उपचार घुम्ति शिविर, नर्सरी प्रवर्द्धन कार्यक्रममार्फत तरकारीका गुणस्तरीय विरुवा उपलब्ध भई १८६५ जना कृषक लाभान्वित भएका, ५०% अनुदान सहयोगमा ३२०० के.जि. उन्नत मकैको बीउ तथा ६१२० के.जि. उन्नत धानको बीउ करिव १२०० जना कृषकहरुलाई वितरण गरिएको छ ।

५२. वर्तमान अवस्थामा प्रविधि र सेवा अन्तरसम्बन्धित रहेको सन्दर्भमा समग्र कृषि क्षेत्रलाई नवीनतम् एवम् डिजिटल दिशा दर्शाउनु निकै अपरिहार्य भएकोले कृषक, कृषि प्राविधिक, कृषि विज्ञ, कृषि प्रविधि र कृषि प्रसारलाई एकै ठाउँमा जोडी कृषि सम्बन्धी सेवालाई थप प्रभावकारी, अर्थपूर्ण, समय सान्दर्भिक, गुणस्तरीय र सूचना प्रविधिमैत्री बनाई डिजिटल प्लेटफर्म दिने उद्देश्यकासाथ डिजिटल कृषि विकास एवम् नवप्रवर्तन कार्यक्रम अन्तरगत कृषि एप्सको विकास गरिएको छ ।

५३. कृषि, पशुपन्छी तथा मत्स्य विकास तथ्याङ्क अद्यावधिक गर्नको लागि बेसीशहर नगरपालिकाको लागि निर्धारित ८ वटा EA ( Enumerator Area) मध्ये ७ वटा EA को गणना कार्य सम्पन्न भएको र बाँकी रहेका क्षेत्रमा गणना कार्य जारी रहेको छ

जसबाट तथ्यपरक तथ्याङ्कीय विवरणको सङ्कलनले स्पष्ट नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न सघाऊ पुग्ने विश्वास गरिएको छ ।

५४. पशु स्वास्थ्य तथा सेवा तर्फ जम्मा २०६७ वटा पशुपन्छी तथा मत्स्यहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा उपचार सेवा संचालन भएको, प्रयोगशाला सेवा Fecal Test तर्फ जम्मा ११७२ वटा नमूना परिक्षण भएको, कुकुर बन्ध्याकरण कार्यक्रम सम्पन्न भएको, १२४ वटा कुकुर तथा विरालोहरुमा Anti-Rabies र DHPPL रोग विरुद्धको खोप कार्य संचालन भएको साथै १४४ वटा गाई र ४५६ वटा भैसी गरि जम्मा ६०० वटा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइएको छ ।

५५. अनुदान कार्यक्रम तर्फ गाई/भैसीको गोठ स्थापना तथा मर्मत कार्यक्रम अन्तर्गत १० जना, गाई/भैसीको मोडेल फर्म स्थापना कार्यक्रम अन्तर्गत १ जना, मत्स्य पोखरी मर्मत कार्यक्रम अन्तर्गत ५ जना, भेडा/बाख्राको खोर स्थापना तथा मर्मत कार्यक्रम अन्तर्गत १५ जना, घुम्ती गोठमा अस्थायी संरचना निर्माण तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत ५ जना, बंगुरको खोर स्थापना तथा मर्मत कार्यक्रम अन्तर्गत ७ जना, कुखुराको खोर स्थापना तथा मर्मत कार्यक्रम अन्तर्गत ४ जना र नश्ल सुधारको लागि ब्याड बोका वितरण कार्यक्रम अन्तर्गत १० जना गरि कुल ५७ जना कृषकहरुलाई अनुदान उपलब्ध गराइएको छ ।

५६. कुल ४९२ जना कृषकहरुलाई ५५०० किलो जै घाँस र टियोसेन्टी घाँसको वीउ उपलब्ध गराइएको छ । बेसीशहर नगरपालिका भित्रका विभिन्न पाँच स्थानहरुमा एक दिने नि:शुल्क पशु स्वास्थ्य शिविर संचालन गरिएको जसबाट ३२६ जना कृषकहरुको ५,५४८ वटा पशुपन्छीहरुलाई सेवा उपलब्ध गराईएको छ ।

५७. खोप कार्यक्रम अन्तरगत जन्मे देखि १५ महिना सम्मका वालवालिका, गर्भवति महिलाहरुलाई खोप सेवा दिइएको र कक्षा ६ मा अध्ययरत वा विद्यालय वाहिरका १० वर्षका वालवालिकाहरुलाई पाठेघर मुखको क्यान्सर विरुद्धको HPV खोप प्रदान गरिएको, नगरपालिकाका सम्पूर्ण वडाहरु र नगरपालिकामा पुर्ण खोप सुनिश्चितता दिगोपना कायम गरिएको, स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराए वापत प्रति सुत्केरी महिलालाई रु ३०००।- का दरले पोषण खर्च उपलब्ध गराइएको, स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको कार्यक्षमता सुदृढीकरण कार्यक्रम ७ स्थानमा सञ्चालन गरिएको छ ।

५८. प्रजनन् रुग्णता स्वास्थ्य सेवा अन्तरगत विभिन्न वडाहरुमा एकीकृत स्क्रिनिङ शिविर मार्फत कुल १७५ जना महिलाहरुको जाँच गरी समस्या पहिचान गरिएको छ । साथै स्थानीय तहमा उत्तर प्रसूति घरभेट (PNC Home Visit) कार्यक्रममा २११ सुत्करी महिलाको जाचको गरिएको छ । यसै गरी ३०१ जना व्यक्तिहरूको क्षयरोग सम्बन्धी Screening गरिएको नगरपालिका अन्तर्गत वार्ड नं. २, ३, ४, ५, ७, ८, ९ र ११ मा क्षयरोग मुक्त अभियानको प्रभावकारी कार्यान्वयनका लागि Microplanning गरी कार्यान्वयन गरिएको छ ।

५९. ज्येष्ठ नागरिक, अपङ्गता भएका व्यक्ति अशक्त दिर्घ रोगी प्रभावित व्यक्तिहरुको लागि चौमासीक रुपमा घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको छ, PNC Home Visit कार्य संचालन भईरहेको छ । कुल ८५ जना दिर्घ विरामीहरुलाई महिनाको रु. ५०००।- हजारका दरले प्रत्येक त्रैमासिकमा उपचार सहयोग रकम उपलब्ध गराइएको छ ।

६०. चालु आ.व.मा नगरपालिकामा मनोसामाजिक परामर्शकर्ता नियुक्ति गरी परिचालन गरिएको छ । हालसम्म कुल २७ जनाले मनोसामाजिक परामर्श सेवा प्राप्त गरेका छन् भने विद्यालयमा तथा अन्य कार्यक्रमहरुमा मनोसामाजिक परामर्श सम्बन्धी विषयमा सहजीकरण गरिएको छ ।

६१. यस वेसीशहर नगरपालिका भित्रका HIV संक्रमित व्यक्तिहरुको लागि उपचार यातयात खर्च रु. ५०००।– का दरले उपलब्ध गराइएको, कार्यालय सहयोगी कर्मचारीहरुलाई क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिएको, प्रत्येक स्वास्थ्य संस्थाहरुमा नसर्ने

रोगको स्क्रिनिङ कार्य संचालन गरिएको साथै विपन्न नागरिक औपधी उपचार कार्यक्रम अन्तरगत पेश हुन आएका सेवाग्राहीहरुको सिफारिस गरिएको छ ।

६२. शिक्षातर्फ आवधिक नगर शैक्षिक योजना निर्माण कार्य सम्पन्न गरी कार्यान्वयन शुरुवात गरिएको छ ।

६३. प्रविधिमैत्री शिक्षण सिकाइ तथा अनुगमन कार्यक्रम अन्तर्गत १६ वटा विद्यालयहरुमा ३० वटा ल्यापटप, १८ वटा स्मार्टबोर्ड, २९ वटा मल्टिमेडिया प्रोजेक्टर, १६ वटा विद्युतीय हाजिरी मेसिन, ३२ वटा सि.सि.टि.भि एवम् ४ वटा प्रा.वि सहित २५ वटा प्रारम्भिक बाल विकास कक्षामा पाठ्यसामग्री सहितको एल.इ.डि. टि.भि लगायतका सामग्रीहरु विद्यालयहरुलाई हस्तान्तरण भई सञ्चालनमा आएका छन्। साथै १६ वटा विद्यालयका सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुलाई AI साक्षरता तथा कक्षा शिक्षण सिकाइ क्रियाकलापमा प्रविधिमैत्री सामग्रीहरुको प्रयोग सम्बन्धमा विद्यालयस्तरीय शिक्षक तालिम सञ्चालन भएको छ ।

६४. प्रविधिमैत्री अनुगमन र शिक्षक हाजिरी जिन्सी व्यवस्थापन लगायतका कार्यका लागि सफ्टवयर निर्माण तथा सञ्चालन, विभिन्न विषयहरुको इ लर्निङ प्याकेज खरिद, विद्यालयको माग अनुसारका आइ.सि.टी सम्बन्धी सामग्री/उपकरणहरु व्यवस्थापन जस्ता कार्यहरु सम्पन्न गरिएको छ ।

६५. त्रैमासिक रुपमा निकाशा गरिदै आएको शिक्षक कर्मचारीहरुको तलबभत्ता मासिक रुपमा निकाशा गर्न सुरुवात गरिएको छ ।

६६. नगरस्तरीय परीक्षा एस.ई.ई परीक्षा एवम् कक्षा १२ को परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने संस्थागत तथा सामुदायिक विद्यालयका २९ जना शिक्षक एवम् १२ जना विद्यार्थीहरुलाई सम्मान गरिएको छ । साथै नगरस्तरीय एवम् जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न भई बेसीशहर नगरपालिका जिल्लास्तरमा प्रथम हुन सफल भएको छ ।

६७. नगरस्तरीय शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम, शिक्षक मेन्टरिङ कार्यक्रम, आइ टि फोकल शिक्षकहरुका लागि सूचना प्रविधि सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम, प्रश्ननिर्माण कार्यशाला, अभिभावक शिक्षा कार्यक्रम, सिकाई आपुरण सम्बन्धी अभिमुखीकरण, अनिवार्य तथा निशुःक शिक्षा सम्बन्धी अभिमुखीकरण, लेखा तथा जिन्सी व्यवस्थापन सम्बन्धी तालिम, इमिस सम्बन्धी तालिम, कक्षा १-३ का शिक्षकहरुलाई एकिकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज तालिम, कक्षा ४-९ को परीक्षा सञ्चालन तथा नतिजा विश्लेषण लगायतका विभिन्न कार्यहरु सम्पन्न गरिएको छ ।

६८. विपद्जन्य अवस्थामा सडक अवरुद्ध हुँदा तत्काल सडक खोल्न कार्य गरिएको छ । विपद्जन्य अवस्थामा अवरुद्ध हुन पुगेका सिंचाई तथा खानेपानी प्रणालीहरुलाई सुचारु गरिएको छ । बाढी पहिरोबाट क्षति पुगेको अवस्थामा रोकथाम र राहतको लागि सहयोग पुर्याइएको छ । सशस्त्र प्रहरी बल लमजुङसंगको सहकार्यमा कुल ३२ जना व्यक्तिहरुलाई विपद् स्वयंसेवक तालिम उपलब्ध गराइएको छ। विगत लामो समयदेखि अन्यौलमा रहेका बाढी पहिरो पीडित कुल १३ जना लाभग्राहीहरुलाई नीजि आवास निर्माणको लागि नेपाल सरकारबाट दिइने अनुदानका लागि सहजीकरण गरिएको छ ।

६९. हालसम्म फोहरमैलाको अल्पकालीन व्यवस्थापन गर्दै आइएकोमा यसको दीर्घकालिन र दिगो व्यवस्थापनको लागि प्रस्तावित जग्गाको सम्भाव्यता अध्ययन कार्य भैरहेको छ । फोहरमैला संकलनमा खटिने जनशक्तिहरुको स्वास्थ्य र सुरक्षाका लागि व्यक्तिगत सुरक्षा सामाग्रीहरु उपलब्ध गराइएको छ ।

७०. उपभोक्ता समिति मार्फत सञ्चालन भएका नगरस्तरीय तथा वडास्तरीय आयोजना अन्तर्गत हालसम्म सम्झौता भएको ५९१ वटा आयोजनाहरुमध्ये ४८२ (८१.५५) वटा आयोजनाहरु सम्पन्न भएका छन् ।

७१. ठेक्का प्रक्रिया वमोजिम कार्यान्वयनमा गएका आयोजनाहरुमध्ये संघीय समपुरकतर्फको २ करोड २५ लाखको चण्डी-गाउँशहर-काउलेपानी सडकको ७५% कार्य सम्पन्न भएको छ ।प्रदेश समपुरकतर्फको १ करोडको भोटेफाट- खासुरबेसी- खासुर सडक स्तरोन्नति आयोजना सम्पन्न भएको छ । संघीय सशर्ततर्फका आयोजनाहरुमध्ये भाचोक खोला देखि खाँचेसम्मको सडक (रु.८० लाख)को ७०% कार्य सम्पन्न भएको, रानीकुवा गाउँशहर नाल्मा हुँदै लक्ष्मिबजार सडक निर्माण/ स्तरोन्नति कार्य (रु.८० लाख) सम्पन्न भएको, धुरपुरे-दुइथोक-बिम्दा-बाखजगत-नाल्मा सडक स्तोरन्नति कार्य (रु. ७० लाख) सम्पन्न भएको, रानीकुवा-टारी-बगर-कागतीबोटे, बेसीशहर बसपार्क- करपुरेशवर पार्क हुदैं बाहुनबेसी रिङ्गरोड सडक र रानीकुवा गैरी डेउबुजे सडक स्तोरन्नति कार्य (रु. ७५ लाख) सम्पन्न भएको, रिठ्ठेबगर—भकुण्डे—तिनपिप्ले—तिलहार सडक स्तरोन्नति कार्य (रु. ७५ लाख) सम्पन्न भएको छ ।

७२. यसै गरी १० नं वडा कार्यालयको भवन निर्माण कार्य (रु. ६८ लाख) को ९५% कार्य सम्पन्न भएको, ३ नं वडा कार्यालय भवनको ९२% कार्य सम्पन्न भएको छ भने चालु आर्थिक वर्षमा नै पूर्ण रुपमा सम्पन्न भई सञ्चालनमा समेत आउनेछ । भकुण्डे र रामचोकबेसी स्वास्थ्य संस्था भवन निर्माण रु. १५/१५ लाखको कार्य सम्पन्न भएको छ । आगामी आर्थिक वर्षमा बाँकी काम सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । बि. पि. स्मृति भवन निर्माण/ स्तरोन्नति कार्य, बेसीशहर नगरपालिका वडा नं ८ ( रु. ७० लाख) को ९५ % कार्य सम्पन्न भएको छ । यी बाहेक सशर्त अनुदानतर्फका अन्य आयोजनाहरु पनि कार्यान्वयनमा रहेका छन् ।

७३. रु. १५ लाख भन्दा बढी लागत अनुमान भएका आयोजनाहरु प्रतिस्पर्धात्मक ठेक्कामार्फत कार्यान्वयन गर्ने गरिएको छ । ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन भएका जम्मा २१ वटा आयोजनाहरुको कुल लागत रु. १० करोड ९९ लाख ०१ हजार रहेकोमा इ विडिङ मार्फत रु. ७ करोड १० लाख ९९ हजार ९९३ मा सम्झौता भई रु. ३ करोड ८८ लाख ०१ हजार ०७ (३५.३१%) वचत हुन आएको छ । आयोजनाहरुको गुणस्तर अभिबृद्धिका लागि नगरस्तरीय अनुगमनलाई सघन बनाइएको छ । साथै ढलान गरी सडक स्तरोन्नति गर्न कार्यहरुमा कोर कटिङ लगायतका प्रविधिहरु प्रयोग गरिएको छ ।

**सभाध्यक्ष महोदय ,**

७४. अव म बेसीशहर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति माग्दछु ।

७५. बेसीशहर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमको मुख्य प्राथमिकताको पाँच क्षेत्रहरु देहाय वमोजिम निर्धारण गरेको व्यहोरा सहर्ष जानकारी गराउँदछु ।

(क)सडक पूर्वाधार स्तरोन्नति

(ख)प्रविधिमैत्री र गुणस्तरीय सेवा प्रवाह र सुशासन

(ग) गुणस्तरीय शिक्षा तथा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा

(घ) कृषि र उद्यमशिलता प्रवर्द्धन

(ङ) सामाजिक समावेशीकरण तथा सामाजिक न्याय

७६. आ.व. २०८३/८४ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधारका रुपमा लिइएको छ ।

क. नेपालको संविधान

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

ङ. संघीय सरकारको आ.व. २०८२।८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

च. प्रदेश सरकारको आ.व. २०८२।८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

छ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावली, २०७७

ज. सावर्जनिक खरिद ऐन, २०६३ र सो सम्बन्धी नियमावली

झ. समपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१

ञ. दिगो विकास लक्ष्य

ट. सोह्रौं योजना (२०८१/८२-२०८५/८६)

ठ. गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६)

ड. बेसीशहर नगरपालिकाको आवधिक योजना (२०७८।७९-२०८२।८३)

ढ. नेपाल सरकारको शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूची

ण. प्राकृतिक श्रोत तथा वित्त आयोगका सिफारिसहरू

त. नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली

थ. विभिन्न संघसंस्था र नगरबासीहरुबाट प्राप्त सुझावहरु

द. नगरपालिकाको विगतका अनुभव, सिकाइ र हासिल भएका उपलब्धिहरू, आदि।

**उपस्थित सम्पूर्ण नगरसभासदस्यज्यूहरु !**

७७. अव म आगामी आव २०८३।८४ को बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लिईएका समष्टिगत नीति निम्न वमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु ।

७८. देशको सोह्रौ योजनाको सोच “सुशासन, सामाजिक न्याय र समृद्धि" तथा बेसीशहर नगरपालिकाको सोच “हामी सवैको रहर- सभ्य र समृद्ध बेसीशहर” ले लिएका लक्ष्य र उद्देश्य हासिल गर्न मद्धत पुग्ने खालका कार्यक्रमहरुलाई प्राथमिकतामा राखिनेछ ।

७९. प्रविधिमैत्री, गुणस्तरीय, सर्वसुलभ र छिटो छरितोरुपमा प्रभावकारीरुपमा इमान्दारितापूर्वक सेवा प्रवाह गरी जनतालाई सुशासनको प्रत्याभूति गराउने ।

८०. कृषिको उत्पादन र उत्पादकत्व बढाउने, कृषिलाई यान्त्रिकीकरण, विविधिकरण र व्यवसायीकरणमा योगदान पुर्याउने गरी कार्य गरिनेछ ।

८१. आधारभूत स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाई नागरिकको स्वास्थ्य सम्बन्धी हकको प्रवर्द्धनमा जोड दिईनेछ ।

८२. प्रविधिको उपयोग मार्फत शिक्षण सिकाईलाई थप प्रभावकारी बनाई गुणस्तरीय शिक्षाका सवै अवयवहरुमा जोड दिईनेछ ।

८३. कृषि तथा गैर कृषिमा आधारित प्राविधिक र सीपमूलक तालिम प्रदान गरी उद्यमशिलता, रोजगारी तथा स्वरोजगारी सृजना गर्ने कार्यमा जोड दिइनेछ ।

८४. प्रकृति र संस्कृतिको सम्भावनामार्फत पर्यटन पूर्वाधारको विकास गरी पर्यटकको संख्यामा बृद्धि गर्ने तथा बसाई अवधी लम्ब्याई आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदान बृद्धि गरिनेछ ।

८५. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु लगायत सामाजिक समावेशीकरणका सवालमा प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. आधारभूत पूर्वाधारको निर्माण, सुधार र स्तरोन्नति गरी पूर्वाधारको उपयोगमा नागरिकको पहुँच बढाइनेछ ।

८७. संघ, प्रदेश तथा स्थानीय उपभोक्ताहरुसंगको सह लगानीमा सञ्चालन हुने आयोजना तथा कार्यक्र बजेट विनियोजन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

८८. संघीय र प्रदेश सरकारबाट राखिएका योजना तथा कार्यक्रमहरु र नगरपालिकाको योजना तथा कार्यक्रमहरु विच दोहोरोपना हुन नदिई आपसमा परिपुरक तथा तादम्यता हुने गरी कार्यान्वयन गर्नको लागि नगरपालिकाको तर्फबाट प्रभावकारी समन्वयको प्रयास गरिनेछ ।

८९. नगरबासीहरुले नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु र अन्तर्गतका निकायहरुबाट प्रविधिको उपयोग गरी छिटो छरितो र सर्वसुलभ रुपमा प्रभावकारी र गुणस्तरीय सेवा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

९०. नगरबासीको जीवनमा गुणात्मक सुधारको दीर्घकालीन सोच अनुरुप नगरबासीहरुले विकासको सन्तुलित र न्यायोचित लाभ पाउने गरी उपलब्ध श्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था मिलाइनेछ ।

९१. अधुरा रहेका योजना तथा कार्यक्रमहरु सम्पन्न गर्नेतर्फ ध्यान पुर्याइनेछ। नतिजामा आधारित योजना तथा कार्यक्रम अनुगमन प्रणालीको विकास गरिनेछ । उपभोक्ता समिति लगायत योजना कार्यान्वयनकर्ता निकायहरुमा सुशासन र पारदर्शिता बढाउन जोड दिइनेछ ।

९२. विगतका नगरसभा तथा कार्यपालिकाबाट निर्णय भएका दीर्घकालीन महत्व राख्ने नगरपालिकाको क्षमताले मात्र सञ्चालन गर्न नसक्ने योजनाहरुको कार्यान्वयनको लागि संघ तथा प्रदेश सरकार र नीजिक्षेत्रसंग आवश्यक पहल गरिनेछ ।

९३. राजश्वका सम्भावनाहरुलाई अवसरमा बदल्ने, दायराहरु बढाउने, तथ्याङ्क अद्यावधिक गराउने तथा राजश्व संकलन आदिमा प्रविधिको प्रयोग बढाई राजश्व प्रशासनमा सुधार गरिनेछ ।

९४. विपद्जन्य अवस्थाको पूर्वतयारी, प्रतिकार्य तथा प्रभावितहरुको उत्थानशीलतामा जोड दिइनेछ ।

**सभाध्यक्षज्यू,**

९५. अव म नगरपालिकाले आगामी आव २०८३।८४ को लागि लिएका क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## (क)आर्थिक विकास

### कृषिः

९६. कृषि क्षेत्रको आधुनिकीकरण तथा वैज्ञानिकिकरणका लागि "कृषिमा यान्त्रिकीकरण लागतमा न्यूनीकरण" भन्ने नाराका साथ कृषिमा यान्त्रिकरण गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ। साथै कृषिमा अत्यावश्यक रहेका कृषि औजार उपकरणहरु अनुदानमा उपलब्ध गराइनेछ ।

९७. "बजार विस्तार, किसानको उद्धार—मौरीपालनले ल्याउँछ सुधार" भन्ने नारालाई आत्मसाथ गर्दै मौरीपालनलाई प्राथमिक कृषि उद्यमका रूपमा प्रवर्द्धन गरिनेछ। नवप्रवर्तन साझेदारी परियोजना अन्तर्गतको मौरी प्रवर्द्धन कार्यक्रम द्वारा मौरीपालन व्यवसाय विस्तार, उत्पादन वृद्धि, किसानको क्षमता अभिवृद्धि तथा महको ब्रान्डिङ, प्याकेजिङ र लेबलिङमार्फत मूल्य श्रृंखला विकास गरी यस क्षेत्रलाई व्यावसायिक, प्रतिस्पर्धी र दिगो बनाइनेछ।

९८. निजी नर्सरी प्रवर्द्धन तथा गुणस्तरीय बिरुवा उत्पादनलाई प्रोत्साहन गर्दै फलफूल, तरकारी तथा अन्य कृषि बालीका स्वस्थ र गुणस्तरीय बिरुवाको उत्पादन तथा वितरण प्रणालीलाई सुदृढ गरिनेछ।

९९. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, वर्षभरि सिँचाइ सुविधाको पहुँच विस्तार र खेतीयोग्य जमिनको प्रभावकारी उपयोगका लागि साना सिँचाइ पूर्वाधार कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

१००. निर्वाहमुखी कृषिलाई व्यावसायिक कृषिमा रूपान्तरण गर्दै कृषि उत्पादन वृद्धि, कृषकको मनोबल अभिवृद्धि तथा लगानीको सुनिश्चितताका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०१. खाद्य तथा पोषण सुरक्षालाई सुदृढ बनाउन प्रमुख खाद्यान्न तथा फलफूल बालीहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जन तथा पोषण सुधारमा योगदान पुऱ्याइनेछ।

१०२. कृषकसम्म गुणस्तरीय प्राविधिक सेवा प्रवाहलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यकता आधारित तालिम, सीप विकास तथा प्राविधिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

१०३. कृषिलाई प्रतिस्पर्धी तथा व्यवसायिक बनाउन कृषक, कृषक समूह तथा सहकारीको साझेदारीमा व्यवसायमुखी कृषि कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि स्थानीय उपयुक्त बालीहरूको पहिचान गरी व्यवसायिक उत्पादन, उत्पादकत्व वृद्धि र बजार प्रवर्द्धनलाई सुदृढ गरिनेछ।

१०४. नगर क्षेत्रमा प्राप्त हुने रासायनिक मलको न्यायोचित वितरण एवं प्रभावकारी नियमन गरिनेछ। साथै, "रासायनिक होइन, प्राङ्गारिक अपनाऔं" भन्ने मर्मलाई आत्मसात् गर्दै कृषिमा रासायनिक मल तथा विषादीको समुचित तथा सन्तुलित प्रयोगलाई प्रोत्साहन गर्दै जैविक खेती तथा अन्य वैकल्पिक दिगो कृषि अभ्यासको प्रवर्द्धन र विस्तारलाई प्राथमिकता दिइनेछ। प्राङ्गारिक मल उत्पादन कार्यक्रमलाई वडातहमा सञ्चालन गरिन

१०५. माटो अनुसारको खेतीलाई प्रवर्द्धन गर्न माटो परीक्षण शिविर सञ्चालन गरिनेछ । साथै ग्रामिण क्षेत्रका किसानहरुको बालीनालिमा देखा परेका समस्याको स्थलगत रुपमा नै पहिचान र समाधानका लागि विज्ञ सहितको कृषि शिविर सञ्चालन गरिनेछ ।

१०६. कृषि क्षेत्रको डिजिटल रूपान्तरणका लागि कृषि मोबाइल एप्सको प्रभावकारी सञ्चालन गरिनेछ। उक्त एप्समार्फत कृषकलाई मौसम पूर्वानुमान, बजार मूल्य, आधुनिक खेती प्रविधि, रोग—कीरा व्यवस्थापन, अनुदान तथा कृषि सेवा सम्बन्धी सूचना सहज र समयमै उपलब्ध गराइनेछ। साथै कृषक दर्ता, तथ्याङ्क व्यवस्थापन तथा सेवा प्रवाहलाई डिजिटल प्रणालीसँग आबद्ध गरिनेछ।

१०७. कृषि उपजहरूको सहज ढुवानी, बजारीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन कृषि एम्बुलेन्स सेवाको विद्यमान कार्यविधि पुनरावलोकन तथा आवश्यक संशोधन गरी सेवाको दायरा, पहुँच र प्रभावकारिता अभिवृद्धि गर्दै व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

१०८. रैथाने बाली संरक्षण, उत्पादन विस्तार तथा प्रवर्द्धनमा जोड दिइनेछ । साथै, यस्ता बालीहरूको उत्पादन वृद्धि, मूल्य शृंखला विकास तथा बजार पहुँच सुदृढीकरणमार्फत जैविक विविधता संरक्षणलाई प्रवर्द्धन गरिनेछ।"

१०९. बाँझो जमिनको उपयोगमार्फत व्यावसायिक फलफूल तथा नगदे बाली खेती प्रवर्द्धन गरिनेछ। पहाडी तथा काष्ठफल फलफूल आयोजनाको साझेदारीमा सुन्तला, कागती, म्याकाडेमिया नट, एभोकाडो लगायत उच्च मूल्य फलफूल बालीको क्षेत्र विस्तार गरिनेछ।

११०. कृषक सूचीकरण कार्यक्रमलाई निरन्तरता दिदैं आगामी आ.व.मा नगरका सबै वडाहरूमा किसान सूचीकरण गरी परिचय-पत्र वितरण गरिने छ। साथै कृषि सम्बन्धी तथ्याङ्क प्रणालीलाई सुदृढ तथा व्यवस्थित बनाइनेछ।

१११. कृषि उपजहरुको भण्डारणलाई दिगो रुपमा व्यवस्थापनको लागि लागत साझेदारीमा चिस्यान केन्द्र निर्माणलाई प्राथमिकता दिइनेछ ।

११२. बाँदर प्रभावित क्षेत्रमा सम्भाव्यता अध्ययनको आधारमा बाँदरले कम क्षती गर्ने बाली वस्तुको खेतीमा जोड दिइनेछ।

११३. कृषि तथा पशुजन्य स्थानीय उत्पादनलाई विक्री वितरणमा प्रभावकारिता ल्याउन तथा उपभोक्तासम्मको सिधा पहुँचको लागि कृषि हाटबजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गरी कृषि हाटबजार सञ्चालन गरिनेछ ।

**पशुपंक्षीः**

११४. व्यवस्थित, उत्पादनमुखी र नतिजाउन्मुख पशुपालन व्यवसायलाई प्रवर्धन तथा प्रोत्साहन गर्न पशु नश्र सुधार, खोर/गोठ स्थापना तथा मर्मत कार्यक्रमहरु लागत साझेदारीमा संचालन गरिनेछ।

११५. घाँसमा आधारित दिगो पशुपालन व्यवसायलाई प्रोत्साहन गर्दै पशु आहार व्यवस्थापनमा हुने लागत न्युनिकरण तथा दुध, मासु लगायत पशुजन्य उत्पादन बृद्धि गर्न घाँस विकास कार्यक्रम मार्फत कृषकहरुलाई अनुदानमा घाँसको बिउ तथा बेर्ना वितरण गरिनेछ।

११६. पशुपन्छीमा आकस्मिक देखा पर्ने महामारीजन्य रोग र विपदजन्य घटनाहरुबाट पशुपन्छी तथा मत्स्य क्षेत्रमा हुने क्षतीको लागि आकस्मिक सेवा टेवा कार्यक्रम संचालन गरिनेछ। साथै पशु विमा सम्बन्धी सचेचना कार्यक्रमहरु सञ्चालन गरी कृषकहरुलाई विमाको महत्व र फाइदा तथा विमा प्रक्रिया बारे सुसूचित गराइनेछ ।

११७. कृषकहरुको ज्ञान, सिप र दक्षतामा अभिबृद्धि गरि व्यवसायिक पशुपालनमा आकर्षित गर्न आवश्यकता अनुसार कृषकस्तरीय क्षमता विकास तथा सिपमूलक तालिम संचालन गरिनेछ।

११८. कृषकहरुलाई सहज र पहुँचयोग्य प्राविधिक सेवा सुनिश्चित गर्न पशुपन्छी उपचार, पशु स्वास्थ्य शिविर, खोप कार्यक्रम, प्रयोगशाला परिक्षण सेवा, प्राविधिक परामर्श र प्राविधिक सहयोगलाई थप प्रभावकारी गरि व्यापक रुपमा विस्तार गरिनेछ।

११९. उच्च उत्पादन क्षमता भएका उन्नत नक्ष्लको प्रयोगमार्फत पशुधनको आनुवंशिक सुधार, उत्पादकत्व बृद्धि तथा व्यवासायिक पशुधनको विकासका लागि कृत्रिम गर्भाधान कार्यक्रम प्रभावकारी रुपमा संचालन तथा विस्तार गरिनेछ।

१२०. सन २०३० सम्म कुकुरको टोकाइबाट मानिसमा हुने रेविज रोगलाई शुन्यमा झार्ने नेपाल सरकारको राष्ट्रिय प्रतिवद्धतालाई सहयोग गर्न र सडकमा बढ्दो कुकुरहरुको संख्या नियन्त्रण गर्नको लागि कुकुरहरुको बन्ध्याकरण तथा खोप शिविर कार्यक्रम सञ्चालन गरिनेछ।

१२१. पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ को प्रभावकारी कार्यान्वयन गर्दै स्वच्छ, सुरक्षित र गुणस्तरीय मासु उत्पादन तथा वितरण सुनिश्चित गर्न नियमित मासु निरीक्षण, बजार अनुगमन, व्यवसायी अभिलेखीकरण तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

१२२. दूध पकेट क्षेत्रबाट कृषकहरुले उत्पादन गरेको दूधलाई बजारसम्मको सहज पहुँचको लागि कृषि एम्बुलेन्स सेवा परिचालन गरिनेछ ।

१२३. वडामा रहेका पशु सेवाकेन्द्रहरुमा पशु उपचार/प्रजननको लागि आवश्यक पर्ने उपचार खोर निर्माण गरिनेछ ।

## सिंचाईः

१२४. उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने उद्देश्य अनुरुप नगरपालिकाको कृषियोग्य भूमिमा सम्भाव्यताको आधारमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन प्राथमिकता दिइनेछ ।साथै कृषि पकेट क्षेत्रहरुमा सिंचाई सुविधा पुर्याउनेतर्फ विशेष ध्यान दिइनेछ ।

१२५. गाउँबस्तीहरुमा परम्परागत रुपमा सञ्चालन हुँदै आएका सिंचाई कुलोहरुको दिगो रुपमा सञ्चालन हुने गरी स्तरबृद्धि गरिनेछ । सिंचाई प्रणालीहरुको निर्माण, मर्मतसम्भार तथा स्तरोन्नति गर्दा श्रममूलक प्रविधिबाट गर्नको लागि प्राथमिकता दिइनेछ ।

१२६. मझौला तथा साना सिंचाई प्रणालीमा जोड दिंदै प्राविधिक एवम् आर्थिक दृष्टिले उपयुक्त सिंचाई प्रविधिको उपयोगमा समेत जोड दिइनेछ ।

१२७. वाढी पहिरोको कारण सिंचाई कुलोहरु अवरुद्ध स्थानमा सिंचाई पाइपको लागि उपभोक्तासंगको लागत साझेदारीमा सिंचाइ पाइपहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

## पर्यटन तथा संस्कृतिः

१२८. पर्यटन क्षेत्रलाई नगरपालिकाको आर्थिक विकासको प्रमुख आधारको रुपमा लिई प्राकृतिक,सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा सहासिक पर्यटनको प्रवर्द्धन र विकास गरिनेछ ।

१२९. बेसीशहर नगरपालिकाको पर्यटकीय गन्तव्य स्थलहरुमा पूर्वाधार विकास गर्ने लक्ष्य अनुरुप विश्रामस्थल निर्माण, शौचालयको व्यवस्थापन, खानेपानी र विद्युतसेवाको सुविधा, सञ्चारसेवाको उपलब्धता, चमेनागृह सञ्चालन,फोहरमैला व्यवस्थापन र स्वच्छता कायम गर्ने जस्ता कार्यहरुमा ध्यान दिइनेछ । साथै पर्यटकीय गन्तव्यस्थलसम्ममको पहुँचमार्ग स्तरोन्नतिको कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१३०. ग्रामीण पर्यटन प्रवर्द्दनमा टेवा पुग्ने खालका कार्यक्रमहरुमा जोड दिइनेछ । आवश्यकता र मागको आधारमा पर्यटकीय सुविधा विस्तार गर्दै होमस्टे गाउँहरुको स्तरोन्नति गरिनेछ ।

१३१. पर्यटकहरुको सहजताको लागि डिजिटल इन्फर्मेसन डेस्कको निर्माण गरि पर्यटकिय क्षेत्र र सो सम्बन्धी जानकारी सम्प्रेक्षण गर्ने व्यवस्था मिलाइनेछ। नागरिक र पर्यटकको सुविधाको लागि नगरपालिका मातहतको विभिन्न क्षेत्रमा फ्री WIFI Zone को व्यवस्था गरिनेछ ।

१३२. पर्यटन व्यवसायलाई कलासंस्कृति, स्थानीय उत्पादन, उद्यमशिलता तथा वातावरणीय स्वच्छतासंग जोड्दै लगिनेछ । मौलिक सांस्कृतिक परम्पराको संरक्षण तथा पुस्तान्तरण, मेला महोत्सवको प्रवर्द्धन, सांस्कृतिक संग्रहालयको निर्माण,स्थानीय हस्तकलाबाट निर्माण हुने सामाग्रीको प्रवर्द्धन, कोशेली घर सञ्चालन, पञ्चेबाजा संरक्षण सम्बन्धी कार्यमा जोड दिइनेछ । होमस्टे गाउँहरुमा अर्गानिक कृषि तथा पशुजन्य उत्पादन बृद्धिको लागि आवश्यक सहयोग पुर्याइनेछ ।

१३३. पर्यटन प्रवर्द्धनको लागि पर्यटकीय स्थलहरुको डिजिटल प्रोफाइल निर्माण, डिजिटल सुचना प्रणालीको विकास, पर्यटन गुरुयोजनाको अद्यावधिक,पर्यटकीय सामाग्रीहरुको प्रकाशन र प्रसारण, सूचना तथा संकेत बोर्ड जडान जस्ता कार्यक्रमलाई प्राथमिकता दिइनेछ । साथै पर्यटन क्षेत्रमा आवश्यक पर्ने जनशक्ति विकासको लागि विभिन्न तालिमहरु प्रदान गरिनेछ ।

१३४. पर्यटन प्रवर्द्धनको लागि नीजि क्षेत्रहरुसंगको समेत सहकार्य र समन्वयमा "प्रिय बेसीशहर (Beloved Besishahar) ! हामी घुम्न आउनेछौं " नामक भ्रमण अभियान सञ्चालन गरिनेछ ।

१३५. गाउँशहर स्थित लमजुङ दरबार क्षेत्रको गुरुयोजना निर्माण गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय/ पुरातत्व विभागसंग सहकार्य गरिनेछ साथै यस क्षेत्रलाई विश्व सम्पदा सुचीमा राख्नको लागि पहल गरिनेछ । पुरानोकोट गढीमा निर्मित पूर्वाधारको संरक्षण तथा स्तरोन्नति गर्ने साथै खानेपानी तथा सरसफाइ व्यवस्थापन र चमेनागृहको सञ्चालन जस्ता अत्यावश्यकीय पूर्वाधार विकासमा जोड दिइनेछ ।

१३६. बाह्रपोखरी क्षेत्र र पिसहिल क्षेत्रको पहुँच मार्ग निर्माण, कर्पुरेश्वर पार्क र चण्डीपार्कको स्तरोन्नति, उदिपुर कालिका, निशान कालिका, पाथिभरा,लाङ्दीदेवी मन्दिर क्षेत्रको प्रवर्द्धन, मकैडाँडा टावर क्षेत्र, सुनकोटदेवी जस्ता पर्यटकीय स्थलहरुको प्रवर्द्धनमा जोड दिइनेछ ।

१३७. पर्यटन क्षेत्रको विकासको लागि  नेपाल पर्यटन बोर्ड, उद्योग वाणिज्य संघ, ग्रामीण पर्यटन विकास समिति लगायत सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय सहकार्य गरिनेछ । साथै पर्यटन प्रवर्द्धनको लागि कार्य गर्न इच्छुक संघसंस्थाहरुलाई प्रस्तावनाको आधारमा यथासक्य सहयोग गरिनेछ ।

## युवा, श्रम, रोजगारी तथा गरिबी निवारणः

१३८. स्थानीय श्रम बजारको मागअनुसार रोजगारमुखी तथा सीपमूलक तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गरिनेछ। सीप सिकौं,उत्पादन गरौं-उद्यमी बनौं भन्ने अभियान मार्फत युवा जनशक्तिलाई सीपमूलक तालिम,उद्यमशिलता विकास तथा प्रविधि हस्तान्तरण मार्फत आन्तरिक रोजगारीमा जोड्ने कार्य गरिनेछ । एक वडा एक उद्यम कार्यक्रमको लागि जोड दिईनेछ ।

१३९. नगरपालिकाभित्र रहेका बेरोजगार, अर्धबेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक गरी रोजगार सूचना तथा परामर्श सेवा प्रदान गरिनेछ। रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी सेवाहरूलाई डिजिटल प्रणालीमा आबद्ध गरी तथ्याङ्क व्यवस्थापन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

१४०. आगामी आ.व.मा पनि विभिन्न युवा सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ ।विगतमा आधारभूत सीप विकास तालिम प्राप्त गरी कामलाई निरन्तरता दिइरहेकाहरुलाई केन्द्रित गरी पुनर्ताजगी तालिम प्रदान गरिनुका साथै तालिमप्राप्त व्यक्तिहरुको प्राप्त सीपको परीक्षण, प्रमाणीकरण तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप अनुसार सीप मान्यता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१४१. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत संघीय सशर्ततर्फ प्राप्त उत्पादन र उद्यमशीलतामार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनःएकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालनको लागि नगरपालिकाबाट कम्तिमा शत प्रतिशत लागत साझेदारी गरिनेछ ।

१४२. लघु उद्यम विकास कार्यक्रममार्फत उद्यमशिलता, सीप विकास तालिम र उपयुक्त प्रविधि हस्तान्तरण गरी नयाँ उद्यमी सिर्जना गरिने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । संघीय सशर्ततर्फ प्राप्त गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा लागत साझेदारी गरिनेछ र यसै अनुरुप सोही मोडेलमा आधारित महिलासंग उपमेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४३. व्यवसायिक तथा सीपमूलक तालिमलाई श्रम बजार अनुकुल हुने गरी व्यवस्थापन गरिनेछ साथै महिला, युवा, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा लक्षित वर्गलाई प्राथमिकतामा राखी रोजगार तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१४४. आप्रवासी कामदार तथा तिनका परिवारको अधिकारको सुनिश्चित गर्ने सम्बन्धी आवश्यक कार्य गरिनेछ । जसको लागि संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, न्यायमा पहुँच वृद्धि गर्न, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका सेवाहरु प्रवाह गरिनेछ ।

१४५. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू गर्दा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूको पहुँच सुनिश्चित गर्ने नीति लिइनेछ । जसको लागि वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न सीपमूलक तालिममा तथा प्रविधिमा सहयोग प्रदान गर्नुका साथै सम्बन्धित कार्यक्रम तथा निकायहरुसँग पनि समन्वयात्मक तवरबाट सेवा प्रवाह गर्ने नीति लिईने छ ।

१४६. वैदेशिक रोजगारमा जान चाहने तथा फर्किएका श्रमिकलाई सूचना, परामर्श, पुनःएकीकरण तथा उद्यमशीलता विकास सेवाहरू उपलब्ध गराइनेछ। साथै रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच समन्वय तथा रोजगार मेलमिलाप (Job Matching) सेवा सञ्चालन गरिनेछ।

१४७. नगरपालिका भित्रका अति विपन्न घर परिवारहरु पहिचान गरी परिचय पत्र वितरण गरिनेछ ।

## उद्योग, व्यापार तथा व्यवसायः

१४८. नगरभित्रका सम्पूर्ण व्यावसायिक प्रतिष्ठानहरूको डिजिटल लगत संकलन गरी व्यवसाय दर्ता, नवीकरण र खारेजी प्रक्रियालाई अनलाइन प्रणालीमा आबद्ध गरिनेछ। सम्पूर्ण इजाजत र नविकरण सेवाहरू वडा कार्यालयवाट सहजै प्रवाह गरिने व्यवस्था मिलाइनेछ।

१४९. बजारको माग र स्थानीय कच्चा पदार्थको उपलब्धताका आधारमा "सीप नक्साङ्कन" गरी युवा तथा महिला उद्यमीहरूका लागि हरित व्यवसाय लक्षित "सिक्दै कमाउँदै" औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकाको वडा नं. ५ र ९ स्थित "सितलेस्वाँरा" मा आधुनिक एवं हरित औद्योगिक ग्राम निर्माणका लागि आवश्यक पूर्वाधार (थ्री-फेज बिजुली, सडक, पानी र ढल) को कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

१५०. खाद्य वस्तु तथा सेवाको गुणस्तर र उचित मूल्य सुनिश्चित गर्न उद्योग वाणिज्य संघ, खुद्रा व्यापार संघ र उपभोक्ता मञ्चको समन्वयमा "बजार अनुगमन समिति" लाई सक्रिय बनाई नियमित एवं आकस्मिक बजार निरीक्षण र गुणस्तर परीक्षणका कार्यहरू सञ्चालन गरिनेछ। जनस्वास्थ्य र वातावरणमा गम्भीर असर पार्ने हानिकारक पदार्थको भण्डारण तथा बिक्री-वितरणमा पूर्ण प्रतिबन्ध लगाइनेछ।

१५१. दर्ता विना सञ्चालित साना, मझौला तथा ठूला सबै व्यवसायलाई करको दायरामा ल्याउन निश्चित अवधिसम्मका लागि कर तथा जरिवाना छुटको विशेष अभियान चलाइनेछ। केन्द्रसम्म आउन नसक्ने दुर्गम वडाका व्यवसायीका लागि वडा कार्यालय मार्फत घरदैलोमै निशुल्क "उद्योग तथा व्यवसाय दर्ता घुम्ती शिविर" सञ्चालन गरिनेछ।

१५२. नगरको कर प्रणालीप्रति आकर्षण बढाउन आर्थिक वर्षको पहिलो त्रैमासिकभित्रै नियमित रूपमा कर बुझाउने करदाताहरूका लागि विशेष कर छुटको कानुनी व्यवस्था मिलाइनेछ। समयमै कर बुझाउने, सबैभन्दा बढी कर तिर्ने र धेरै रोजगारी सिर्जना गर्ने उत्कृष्ट व्यवसायीहरूलाई सार्वजनिक कार्यक्रममा सम्मान गरिनेछ।

१५३. बजारको सौन्दर्यीकरण र पैदलयात्रीको सुरक्षाका लागि मुख्य राजमार्ग तथा सहायक सडकका फुटपाथहरूमा सामान प्रदर्शन गर्ने, निर्माण सामग्री थुपार्ने र अनधिकृत सवारी पार्किङ गर्ने कार्यलाई पूर्ण रूपमा निषेध गरिनेछ।

**भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवाः**

१५४. भू-उपयोग वर्गीकरण प्रतिवेदनका आधारमा जग्गाको उपयोगलाई व्यवस्थित र उत्पादनमुखी बनाउन जोड दिइनेछ। लामो समयदेखि प्रयोगविहीन बाँझो जग्गामा कृषि समूह, कृषि सहकारी र युवा उद्यमीहरू मार्फत व्यावसायिक कृषि र पशुपालन गर्न करार खेतीलाई प्रोत्साहन गरिनेछ।

१५५. अतिक्रमित सार्वजनिक तथा सरकारी जग्गाको विवरण एकिन गरी अतिक्रमित जग्गा फिर्ता ल्याउने र उक्त जग्गालाई पार्क निर्माण, खुल्ला क्षेत्र तथा विपद्को समयमा प्रयोग हुने गरी सार्वजनिक हितमा उपयोग गर्ने नीति लिइनेछ ।

१५६. नगरपालिकाबाटै प्रभावकारी रुपमा भूमि प्रशासन सेवा सञ्चालन गर्ने प्रवन्ध मिलाइनेछ ।

१५७. सहकारीहरूलाई संघीय सहकारी ऐन २०७४ र बेसीशहर नगरपालिकाको सहकारी ऐन २०७५ को भावना अनुरूप समयानुकूल बनाउन विनियमावली पुनर्लेखन तथा आन्तरिक नीति निर्माणमा नगरपालिकाबाटै निशुल्क कानुनी र प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

१५८. सहकारीका सञ्चालक, कर्मचारी र सदस्यहरूको कार्यकुशलता र व्यावसायिकता बढाउन नियमित अभिमुखीकरण तथा उद्यमशीलता विकास सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ। सहकारी क्षेत्रमा सुशासन कायम गर्न समुदाय तथा विद्यालय स्तरमा समेत "सहकारी र वित्तीय साक्षरता" सचेतना कार्यक्रम सञ्चालन गरिनेछ भने सफल पालिकाहरूसँग "असल अभ्यास आदानप्रदान भ्रमण" मार्फत सहकारीहरुको संस्थागत क्षमता सुदृढ गरिनेछ।

१५९. बचत तथा ऋण सहकारीहरूलाई उत्पादनमुलक क्षेत्र र वास्तविक अर्थतन्त्रमा लगानी बढाउन कुल लगानीको निश्चित प्रतिशत उत्पादनशील उद्योग, कृषि, र रोजगारी सिर्जना गर्ने क्षेत्रमा अनिवार्य लगानी गर्नुपर्ने नीतिगत व्यवस्था मिलाइनेछ। कृषि सहकारीहरूको सुदृढीकरणका लागि "एक वडा, एक उत्कृष्ट कृषि उत्पादन कार्यक्रम" अन्तर्गत कृषि सहकारीलाई रैथाने बिउबिजन बैंक स्थापना, उत्पादकत्व वृद्धि र बजार सञ्जाल विस्तारमा नगरले साझेदारी गर्नेछ।

१६०. सहकारी संस्थाहरूको आर्थिक पारदर्शिता र सुशासनका लागि मासिक वित्तीय प्रतिवेदन "सामाजिक सञ्जाल/श्वेतपत्र" मार्फत सार्वजनिक गर्न अनिवार्य गरिनेछ। सहकारीहरूको नियमित अनुगमन गरिनेछ र तोकिएको समयभित्र कानुन बमोजिम तोकिएका विवरणहरू र निर्णयहरू नबुझाउने सहकारीलाई कानुन बमोजिम कडा नियमन र कारबाही गरिनेछ। सञ्चालनमा नरहेका, विवरण नबुझाउने र बचतकर्ताको रकम जोखिममा पारेका सहकारीहरूको अवस्था पहिचान र व्यवस्थापन गर्न एक उच्चस्तरीय समिति गठन गरिनेछ। संस्था सञ्चालनमा गम्भीर लापरबाही गर्ने र बचतकर्ताको हित विपरीत कार्य गर्ने सहकारी संस्था र सञ्चालकहरूको बैंक खाता तथा चल-अचल सम्पत्ति रोक्का गर्न पत्राचार र कानुनी कारबाही अगाडि बढाइनेछ।

१६१. न्यून पूँजी भएका साना सहकारीहरूलाई एकीकृत गरी सबल बनाउन एउटै वडाभित्रका समान प्रकृतिका सहकारीहरूलाई मर्जरमा जान प्रोत्साहन गरिनेछ र त्यस्ता स्वेच्छिक मर्जरमा जाने सहकारीहरूलाई नवीकरण दस्तुरमा शतप्रतिशत छुट (निशुल्क) दिइनेछ। सहकारीहरूलाई उत्पादनमुखी बनाउन कृषि उपज संकलन, शीतभण्डार र सामूहिक उपभोक्ता पसल स्थापनामा प्राविधिक सहयोग तथा खराब कर्जा असुली र कालोसूची/लिलाम प्रक्रियाका लागि निशुल्क प्रशासनिक सहजीकरण गरिनेछ।

## (ख)सामाजिक विकास

### स्वास्थ्य तथा पोषणः

१६२. आधारभुत स्वास्थ्य सेवालाई न्यूनतम स्वास्थ्य सेवा मापदण्ड बमोजिम लागू गर्दै गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ । आधारभुत र आकस्मिक सेवाको लागि औषधीहरुको बर्षभरि नै आपुर्तिको व्यवस्थाको सुनिश्चत गरिनेछ र न्यूनतम स्वास्थ्य सेवा मापदण्ड बमोजिम स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरिदै लगिनेछ ।

१६३. सुनौलो हजार दिनका आमाले लिने सम्पुर्ण आधारभुत स्वास्थ्य सेवाहरुको सुनिश्चित गर्दै गुणस्तरीय पूर्व-प्रसुति सेवा देखि उत्तर प्रसुति सेवा उपलब्ध गराइनेछ साथै पूर्ण संस्थागत सुत्केरी नगरपालिका वनाउन महिलाहरुलाई सुत्केरी गराउनलाई स्वास्थ्य संस्थासम्म ल्याउनको लागि नगरपालिकाको एम्बुलेन्स निशुल्क उपलब्ध गराईनेछ ।

१६४. स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार सुदृढिकरण र स्वास्थ्य सेवा संचालनलाई आवश्यक जनशक्ति, भौतिक पूर्वाधारको मर्मत संभार, संचार, विद्युत, पानी, औषधी, औजार तथा उपकरणहरु न्यूनतम सेवा मापदण्ड बमोजिम ब्यवस्था गरिदै लगिनेछ ।

१६५. वार्षिक रुपमा नसर्ने रोग र मानसिक समस्याको स्क्रिनिङ कार्य गरिनेछ । तिस वर्ष देखि माथीका नागरिक, अपङ्गता भएका व्यक्ति, अशक्त, दिर्घ रोग प्रभावित ब्यक्तिहरुको सम्भाव्य जोखिम न्युनिकरणको लागि प्याकेज बनाई "नागरिक टोलभेट सेवा" कार्यक्रम संचालन गरिनेछ ।

१६६. जन्मेदेखि १५ महिना सम्मका बालबालिकाहरु गर्भवती महिला र कक्षा ६ मा अध्ययनरत छात्राहरु तथा १० वर्षका किशोरिहरुलाई प्रदान गर्दै आएका खोप सेवाको निरन्तरता दिंदै पूर्ण खोप सुनिश्चतता नगरपालिकाको घोषणा गरिनेछ ।

१६७. जनस्वास्थ्य प्रवर्द्धनका लागि "स्वास्थ्य जीवनयापन प्रवर्द्धन" र सुर्तीजन्य पदार्थ प्रयोगको नियन्त्रण र नियमनका लागि सचेतना तथा ऐन बमोजिम अनुगमन र कार्यान्वयन गरिनेछ ।

१६८. स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराए वापत सुत्केरी महिलालाई पोषण खर्च उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।साथै प्रजनन् स्वास्थ्य सम्बन्धी जनचेतना रुग्णता (आङ्ग खस्ने, फिस्टुला) पाठेघर मुखको क्यान्सर, स्क्रिनिङ्ग लगायतका प्रजनन् स्वास्थ्य सम्बन्धी सेवालाई संस्थागत र स्वास्थ्य शिविर मार्फत् प्रदान गरिनेछ ।

१६९. विगतबाट सञ्चालन हुँदै आएको विपन्न नागरिक उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७०. आयुर्वेद स्वास्थ्य सम्बन्धी सेवा एवम् वैकल्पिक चिकित्सासेवालाई प्रवर्द्धन गर्दै आयुर्वेद स्वास्थ्य सेवालाई पोषण कार्यक्रमसंग जोडेर एकिकृत रुपमा सञ्चालन गरिनेछ ।

१७१. कुपोषणको न्युनीकरणका लागि राष्ट्रिय योजना आयोगले तयार पारेको बहुक्षेत्रीय पोषण योजना- तेश्रो (२०८०/८१-२०८७/८८) को लक्ष्य मुताविक पोषण लक्षित एवम् पोषण सम्वेदनशील कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा लगिनेछ ।

१७२. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, सामुदायिक स्वास्थ्य सचेतना तथा पैरवी कार्यक्रमलाई नियमित कार्यक्रमको रुपमा संचालन गरिनेछ । साथै आगामी आर्थिक वर्ष २०८३/८४ देखि सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा "विद्यालयमा स्वास्थ्यकर्मी कार्यक्रम" सञ्चालन गरिनेछ ।

१७३. पछिल्लो समयमा बढ्दै गईरहेको मानसिक स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै मनोसामाजिक परामर्श, पारिवारिक तथा सामुदायिक मेलमिलाप, पुनर्मिलन आध्यत्मिक चेतना, योगध्यान लगायतका कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ ।

१७४. बैदेशिक रोजगारीबाट फर्कने व्यक्तिहरुले फर्के लगतै स्वास्थ्य परीक्षण गराउने कार्यको लागि सुसूचित तथा प्रोत्साहन गरिनेछ ।

## शिक्षा,भाषा,कला तथा साहित्य

१७५. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा शतप्रतिशत वालवालिकाहरुको पहुँच सुनिश्चित गरिनेछ।

१७६. प्रधानाध्यापकहरुको व्यवस्थापकीय क्षमता विकासमा जोड दिइनेछ, सोको लागि विभिन्न नेतृत्व विकास कार्यक्रम, योजना निर्माण तथा कार्यान्वयन सम्वन्धी तालिम कार्यक्रमहरु साथै प्रधानाध्यापकहरुको निरन्तर बैठक आयोजना गर्ने, असल अभ्यासहरु आदान प्रदान गर्ने कार्यहरुमा निरन्तर जोड दिइनेछ।

१७७. सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धि अभिवृद्धि तथा व्यवस्थापकीय सुधारका लागि शिक्षा युवा तथा खेलकुद शाखा र प्रधानाध्यापकहरुबीच गरिएको कार्यसम्पादन करारलाई निरन्तरता दिँदै मूल्याङ्कनका विभिन्न मापदण्ड बनाएर कार्यसम्पादन करारलाई थप प्रभावकारी बनाइनेछ।

१७८. वालविकास केन्द्रका सहयोगी कार्यकर्ता, सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीहरुको पारिश्रमिकमा यसअघि प्रदान गर्रिंदै आएको प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ।

१७९. नगरस्तरीय परीक्षालाई थप व्यवस्थित र मर्यादित बनाउन परीक्षा सम्बन्धी विभिन्न किसिमका कार्यशालाहरु सञ्चालन गरिनेछ ।

१८०. शिक्षकहरूको सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप तथा क्षमता विकासका लागि नियमित तालिम, कार्यशाला तथा पेशागत सहयोग, शिक्षक मेन्टरिङ जस्ता कार्यक्रमहरु निरन्तर सञ्चालन गरिनेछ।

१८१. प्रारम्भिक वालविकास कक्षामा सञ्चालन हुने शिक्षण सिकाइ क्रियाकलापलाई समयानुकुल बनाउन वालविकास सहजकर्ताहरुलाई मन्टेश्वरी तालिम सञ्चालन गरिनेछ।

१८२. विद्यालयहरूमा डिजिटल माध्यमबाट सिकाउने वातावरण सिर्जना गरी विद्यार्थीहरुको सिकाइ उपलब्धि अभिवृद्धि गर्न प्रविधिमैत्री कक्षाकोठा सञ्चालनलाई प्रोत्साहन गरिनेछ। हाल विभिन्न विद्यालयहरुमा सञ्चालित प्रविधिमैत्री शिक्षणलाई थप विस्तार गरिनेछ।

१८३. विद्यालयमा इन्टरनेट, कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड लगायतका आवश्यक ICT पूर्वाधारको विस्तार तथा व्यवस्थापन गरिनेछ। विद्यालयहरुमा निष्क्रिय रुपमा रहेका कम्प्युटर उपकरण तथा प्रविधिलाई सक्रिय रुपमा सञ्चालन हुने व्यवस्था मिलाईनेछ।

१८४. विद्यालयको शैक्षिक, प्रशासनिक तथा वित्तीय व्यवस्थापनलाई क्रमशः डिजिटल प्रणालीमा आवद्ध गरिनेछ।

१८५. प्रविधिको प्रयोगबाट शिक्षण-सिकाइको गुणस्तर अभिवृद्धि भए नभएको सम्बन्धमा नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणको व्यवस्था गरिनेछ।

१८६. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि सबै सरोकारवालाहरुलाई समावेश गरी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८७. सामुदायिक सिकाइ केन्द्रहरुलाई निरन्तर शिक्षा, सीप विकास लगायत शैक्षिक चेतनामूलक कार्यक्रम सञ्चालनका लागि सक्रिय रुपले परिचालन गरिनेछ ।

१८८. विद्यालय वर्गीकरणको आधारमा संस्थागत विद्यालयहरुले लिन पाउने अधिकतम शुल्कको सीमा निर्धारण गरिनेछ भने सामुदायिक विद्यालयहरुलाइ वर्गीकरणको आधारमा प्रोत्साहित गर्ने कार्यक्रमहरु लागु गरिनेछ ।

१८९. विद्यालयमा रहेका जीर्ण अवस्थामा रहेका भौत्तिक पूर्वाधारहरुको मर्मत सम्भार गरी सुरक्षित विद्यालय निर्माणमा जोड दिइनेछ ।

१९०. विद्यालय तहदेखि नै खेलकुद, स्काउट र योगाभ्यासका कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

१९१. शिक्षकहरुलाई शिक्षा क्षेत्रमा गरिने विभिन्न किसिमका अनुसन्धानका कार्यलाई प्रोत्साहन गर्नको लागि नगरस्तरीय अनुसन्धान सम्मेलन गरिनेछ।

१९२. विपद्को समयमा पनि प्रत्यक्ष सिकाइ कार्यक्रमलाइ निरन्तरता दिन उत्थानशील शिक्षाका कार्यक्रमहरु ल्याइनेछ।

१९३. शैक्षिक लगानीलाई उचित सदुपयोगका लागि विद्यार्थी संख्या न्यून भएका सामुदायिक विद्यालयहरुलाई नजिकको अन्य सामुदायिक विद्यालयमा गाभ्ने नीति अनुरुप कार्यान्वयन गरिनेछ ।

१९४. सुरक्षित विद्यालय वातावरण निर्माणका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१९५. विद्यालयस्तरमा बाल प्रतिभाहरुको खोजी गर्नको लागि विविध विधाका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१९६. विविध विषयका विषयगत शिक्षकहरुको समूहलाई क्रियाशील बनाउन कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१९७. विविध कारणले रिक्त भएका राहत, करार र अनुदान शिक्षक पदको पदपूर्ति कार्यलाई व्यवस्थित र सहज बनाउनको लागि शिक्षक बैङ्क स्थापना गरी लागू गरिनेछ।

१९८. विद्यालयहरुको हाता स्वच्छ, सुन्दर र वातावरणीय अनुकूल बनाइ विद्यार्थीहरुलाई विद्यालय आउन आकर्षित गर्ने खालको वातावरण सिर्जना गरिनेछ।

१९९. सम्पूर्ण विद्यालयहरुमा स्वच्छ पिउने पानी, बालमैत्री शौचालयहरुको व्यवस्थापन गर्ने कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ।

२००. सामुदायिक विद्यालयहरुको कार्यसम्पादन मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट विद्यालयहरुलाई प्रोत्साहन गर्ने नीति अंगीकार गरिनेछ ।

२०१. सम्पूर्ण सामुदायिक विद्यालयहरुमा गुणस्तरीय उच्च गतिको इन्टरनेटको पहुँच विस्तार गरिनेछ ।

२०२. विद्यालयमा विषयगत तथा तहगत रुपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नको लागि दरबन्दी मिलान कार्यलाई व्यवस्थित रुपमा अगाडी बढाइनेछ।

२०३. बेसीशहर नगरपालिकाद्वारा निर्माण गरिएको कक्षा १-८ को स्थानीय पाठ्यक्रमको परिमार्जन गरी कक्षागत रुपका स्थानीय विषयको पाठ्यपुस्तक (कार्यपुस्तिका) लेखन, छपाइ तथा वितरण कार्यलाई सम्पन्न गरिनेछ।

२०४. सामुदायिक विद्यालयप्रति अभिभावक एवम् वालवालिकाहरुको आकर्षण बढाउन विद्यार्थी भर्ना कार्यक्रमलाई आकर्षक एवम् प्रभावकारी बनाइनेछ।

२०५. बेसीशहर नगरपालिकाको स्थानीय पाठ्यक्रममा आधारित विषयमा विद्यार्थीहरुलाई आआफ्नो भाषा, संस्कृति सापेक्ष बहुभाषिक शिक्षालाई समेत समावेश गर्दै लगिनेछ।

२०६. विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलाप तथा समग्र गतिविधिहरुलाई सुव्यवस्थित वनाउन सामुदायिक तथा संस्थागत विद्यालयहरुको अनुगमनलाई सघन वनाइनेछ।

२०७. संस्थागत विद्यालयहरुमा सुशासन कायम गराउन नियामकीय गतिविधिमा सक्रियता देखाइनेछ। संस्थागत विद्यालयहरुबाट प्रदान हुने छात्रवृत्ति वितरणमा पारदर्शी वनाईनेछ ।

२०८. विद्यार्थीहरुको सिकाइ क्रियाकलापहरुलाई व्यवस्थित वनाउन तथा घरपरिवार, विद्यालय तथा समाजप्रति सकारात्मक भावनाको विकास गर्न अभिभावकहरुलाई जिम्मेवार वनाउन अभिभावक शिक्षामा जोड दिईनेछ ।

२०९. विषयगत सिकाई क्रियाकलापहरुलाई थप प्रभावकारी, रचनात्मक तथा गुणस्तरीय वनाउन विषयगत शिक्षकहरुको नगरस्तरीय सञ्जाललाई सक्रिय बनाईनेछ।

२१०. शिक्षक तथा विद्यार्थीहरुको वहुप्रतिभालाई प्रस्फुटन गर्न शिक्षक-विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

२११. कला साहित्यको प्रवर्द्धनको लागि सञ्चालन हुने कार्यक्रममा आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ । लोककला र साहित्यका स्थापित सर्जकहरुलाई सम्मान गर्ने तथा सर्जकका कृतिहरुलाई संरक्षण गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ ।

२१२. आदिबासी जनजाति लगायत विभिन्न समुदायको रैथाने भाषा, संस्कृति, प्रथा तथा परम्परागत ज्ञान सीपको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कार्य गरिनेछ ।

**युवा,खेलकुँद तथा नवप्रवर्तनः**

२१३. सबैका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने अभियानका साथ खेलकुद सम्बन्धी विद्यालयस्तरीय तथा नगरस्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ ।

२१४. विगत वर्षहरुदेखि सञ्चालन गरिदै आइएको नगरकपको खेलकुँद प्रतियोगितालाई थप प्रभावकारी र पारदर्शी बनाउने गरी निरन्तरता दिइनेछ ।

२१५. सहजी फुटबल खेल मैदानलाई सहजी रङ्गशालाको रुपमा परिणत गर्ने गरी पूर्वाधार विकासका लागि समन्वय गरिनेछ ।साथै अधुरो रहेको कभर्ड हल निर्माण कार्यलाई आवश्यक समन्वय गरी अघि बढाइनेछ।

२१६. नगरपालिकाको प्रत्येक वडामा कम्तिमा १/१ वटा खेल मैदान निर्माण वा सुधार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१७. नगरपालिका क्षेत्रभित्र नियमानुसार खेलकुद सम्बन्धी संघ/संस्थाहरु खोल्न प्रोत्साहन गरिनेछ ।

२१८. नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा युवाहरुको सहभागिता अभिवृद्धि गरिनेछ ।

२१९. युवा प्रतिभा पहिचान कार्यक्रम मार्फत प्रतिभावान युवाहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।

२२०. उत्कृष्ट युवा उद्यमीहरुको खोजी गरी प्रोत्साहित गरिनेछ ।

२२१. स्थानीय खेलकुद क्लब वा खेलकुदसँग सम्बन्धित संघ/संस्थाहरुसँगको सहकार्यमा साहसी खेलकुदहरुको खोजी गरी संवर्द्धन गरिनेछ।

२२२. स्थानीय तहस्तरमा विद्यालयस्तरीय खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछन् ।

२२३. विद्यालयस्तरमा खेलकुद विकास र प्रवर्द्धनका लागि खेलकुद सामाग्री व्यवस्थापन, विद्यालय हाताको खेलकुद मैदान स्तरोन्नति आदि कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

२२४. विद्यालयहरुमा खेलकुद सम्बन्धी विविध किसिमका अतिरिक्त क्रियाकलापहरु सञ्चालनको लागि प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**सामाजिक समावेशीकरणः**

२२५. "कसैलाई पनि पछाडि नछोडौं" भन्ने लक्ष्यका साथ महिला, अपाङ्गता भएका, व्यक्ति, बालबालिका, ज्येष्ट नागरिक, दलित तथा विपन्न वर्गको सवलीकरण, सशक्तीकरण, सामाजिक न्याय र विकासका लागि देहायको क्षेत्रहरुमा देहाय अनुसारका नीति अवलम्बन गरिनेछ ।

**महिला सम्बन्धी**

२२६. बेसीशहर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ अनुसार महिलाहरुको समग्र विकासको लागि आवश्यक कार्य गरिनेछ ।

२२७. लैङ्गिक समानता कायम गर्न, सामाजिक न्याय स्थापित गर्न, महिलाहरुलाई समग्र विकासको मूल प्रवाहमा ल्याउन, महिलामाथिको शोषण र विभेद अन्त्य गर्न, नीति, योजना, कार्यक्रम र क्रियाकलापहरुको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्दा नेतृत्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, सकारात्मक विभेदको नीति कार्यान्वयन गर्न, नविनतम् अवधारणा र प्रविधिको प्रयोगमा अभिबृद्धि गर्न आवश्यक कार्य गरिनुको साथै अन्य निकायहरुसंग समेत समन्वय र सहकार्य गरिनेछ ।

२२८. महिला माथि हुने लैंगिक तथा घरेलु हिंसा र कुप्रथाको विरुद्धमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । महिलामाथि हुने हिंसाजन्य घटनाहरुलाई कानूनी दायरामा ल्याउनको लागि प्रेरित गरिनेछ। हाल सामाजिक सञ्जालमार्फत महिलाहरुमाथि हुने हिंसा बढ्दै गईरहेको हुँदा सामाजिक सञ्जालको प्रयोग गर्दा विचार पुर्याउनु पर्ने पक्ष र साइबर सुरक्षा सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२९. लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई आत्मसात गर्दै समग्र महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरण हुने गरी क्षमता विकास लगायत विभिन्न सीपमूलक, स्वरोजगारमूक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२३०. हिंसा पीडित महिलाहरुको लागि स्थापना गरिएको अल्पकालिन आश्रयस्थल सञ्चालन र व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

२३१. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई लक्षित गरी महिला हिंसा न्यूनीकरण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसै गरी अन्तर्राष्ट्रिय महिला दिवस विभिन्न कार्यक्रमहरुका साथ मनाइनेछ ।

२३२. कुनै पनि स्थानीय समुदायको महिलाहरुको पञ्चेबाजा समुह तयार गरी प्रशिक्षण दिइनेछ । साथै विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएका उत्कृष्ठ महिला तथा महिला/आमा समुहहरु छनौट गरी सम्मान गरिनेछ ।

२३३. गठन गरिएका वडा तथा नगरस्तरीय महिला सञ्जालहरुको संस्थागत विकासको लागि सहयोग पुर्याउने नीतिलाई निरन्तरता दिइनेछ । साथै महिला सम्बन्धी कार्यक्रमहरु वडास्तरीय र नगरस्तरीय महिला सञ्जाल मार्फत छनौट र कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । स्थानीयस्तरका विकास निर्माण र अभियानमूलक कार्यहरुमा आमा समुह, वडा एवम् नगरस्तरीय महिला सञ्जाल परिचालन गरिनेछ ।

२३४. आमा समूहहरुको दर्ता तथा नविकरण सम्बन्धी कार्यलाई थप सरलीकृत र प्रभावकारी बनाइनेछ । आमा समूहहरुलाई समुदायकको समग्र विकासमा परिचालन गराउने नीति अवलम्बन गरिनेछ । संस्कार र संस्कृतिको विकास

२३५. जुनसुकै क्षेत्रबाट सीपमूलक/आयमूलक कार्यक्रमहरु सञ्चालन गर्दा महिलाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ । महिलाहरुको कार्यबोझ घटाउने खालका आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखिनेछ । उद्यम/व्यवसाय स्थापना र सञ्चालन गर्दा महिलाहरुलाई विशेष छुट र सहुलियत प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ । साथै सफल महिला उद्यमीहरुले सञ्चालन गरेका उद्यम व्यवसायहरुमा स्थलगत अध्ययन अवलोकनकाका लागि भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

२३६. महिलाहरुमा देखा पर्ने स्वास्थ्य समस्याहरुलाई लक्षित गरी स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

२३७. लैंगिक उत्तरदायी बजेट तर्जुमा कार्यलाई कार्यान्वयनमा ल्याइनेछ ।

**अपांगता सम्बन्धी**

२३८. मध्यम प्रकारको अपाङ्गता (पहेंलो कार्ड) भएका व्यक्तिहरुलाई नगरपालिकाको आफ्नो श्रोतबाट उपलपब्ध गराउँदै आइएको सामाजिक सुरक्षा भत्तादरलाई मासिक ५ सय बाट दोब्बर बनाई मासिक १ हजार पुर्याइनेछ । साथै निःशुल्क स्वास्थ्य विमा गराउने कार्यलाई निरन्तरता दिंदै थप व्यवस्थित बनाइनेछ ।

२३९. अपाङ्गता भएका व्यक्तिहरुको कानूनी अधिकार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता बारे सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अपांगता भएका व्यक्तिहरुले कानून वमोजिम पाउनु पर्ने सेवासुविधा, छुट र सहुलियतको कार्यान्वयन सम्बन्धमा अन्य निकायहरुसंग समेत समन्वय गरी नियमन र वहशपैरवी गरिनेछ

२४०. अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवन यापनमलाई सहज बनाउन तथा अवरोधहरुलाई हटाउन सहायता सामाग्रीहरु उपलब्ध गराउने कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२४१. अपाङ्गता भएका व्यक्तिहरुको नगरस्तरीय सञ्जालको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

२४२. अपांगता भएका व्यक्तिहरुको पहिचान र सामाजिक सुरक्षाका लागि परिचय पत्र उपलब्ध गराउने तथा परिचय पत्र नविकरण गर्ने कार्यलाई डिजिटल माध्यमबाट थप प्रभावकारी रुपले सम्पादन गरिनेछ ।

२४३. नगरपालिका भित्र बसोबास गर्ने सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्कलाई थप व्यवस्थित बनाइनेछ । साथै अपाङ्गता भएका व्यक्तिहरुको रेखदेख, हेरचाह र स्याहारसुसारमा सेवा पुर्याउने परिवारका सदस्यहरुलाई सम्मान गरिनेछ ।

२४४. अपांगता भएका व्यक्तिहरु र नीजहरुको अभिभावक तथा परिवार लाभान्वित हुने गरी सामाजिक तथा आर्थिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अपाङ्गता लक्षित कार्यक्रम सञ्चालन गर्दा वा संस्थागत व्यवस्थामा सवै प्रकारका अपाङ्ता भएका व्यक्तिहरुको सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ ।

२४५. अपाङ्गता भएका व्यक्तिहरुको लागि खेलकुँद तथा मनोरञ्जनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२४६. सवै प्रकारका सार्वजनिक सूचना, सन्देश, गतिविधि तथा कार्यक्रम सम्बन्धी विषयहरुमा अपाङ्गता भएका व्यक्तिहरुको डिजिटल पहुँच बृद्धि गर्न आवश्यक सहयोग गरिनेछ ।

२४७. नगरपालिका वा अन्तर्गतका कार्यालयहरुबाट सवै प्रकारका सेवा प्रवाह गर्दा तथा जनशक्ति व्यवस्थापन गर्दा अपांगता भएका व्यक्ति वा नीजको परिवारका सदस्यहरुलाई विशेष प्राथमकितामा राखिनेछ ।

**बालबालिका सम्बन्धीः**

२४८. बाल अधिकारको सुनिश्चितताका लागि विद्यमान कानूनी प्रावधानहरु समेतलाई ध्यानमा राखी बालबालिकाहरुको सर्वोत्तम हीत र चौतर्फि विकास हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२४९. बेसीशहर नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने लक्ष्य अनुरुप बालमैत्री वडा घोषणा हुन बाँकी रहेका ३ वटा वडाहरु क्रमशः ७, ८ र ९ लाई बालमैत्री स्थानीय शासनयुक्त वडाको रुपमा घोषणा गर्ने गरी कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गरिनेछ ।

२५०. बालमैत्री वडा घोषणा भै सकेका वडाहरुको दिगोपनाको लागि चालु आर्थिक वर्षमा तयार गरिएको दिगोपना सुनिश्चतता सम्बन्धी कार्यक्रमहरुलाई कार्यान्वयनमा लगिनेछ ।

२५१. बालमैत्री र प्रविधिमैत्री शिक्षण सिकाई कार्यक्रमहरुमा जोड दिई शिक्षण सिकाई क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

२५२. बालबालिकाहरुलाई आवश्यक पर्ने पूर्ण खोप, पोषण, खेलमैदान र खेलकुँद सामाग्रीहरुको उपलब्धता, बालमैत्री कक्षा कोठा र सिकाई, स्वच्छ पिउने पानी, आधारभूत शिक्षाको पूर्ण सुनिश्चतता, अनिवार्य जन्मदर्ता, व्यवहारिक तथा नैतिक शिक्षा, बालश्रम तथा बाल विवाहको अन्त्य, विभिन्न खाले जोखिमबाट संरक्षण, सहभागिता लगायत बाल संरक्षण र विकासका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२५३. बालबालिकाहरु बढी उत्प्रेरित हुने तथा जीवनोपयोगी सीपक्षमता बढाउने खालका अतिरिक्त कक्षा तथा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न विद्यालयहरुलाई अभिप्रेरित गरिनेछ ।

२५४. वार्षिक योजना तर्जुमा प्रक्रियामा गरिने बालभेला वडास्तरीय तथा नगरस्तरीय बालभेलालाई निरन्तरता दिइनेछ साथै बालभेलाबाट प्राथमिकतामा परेका आयोजना तथा कार्यक्रमहरुको विभिन्न क्षेत्रबाट कार्यान्वयन गर्न विशेष पहल गरिनेछ । विद्यालयहरुमा अध्ययनरत छात्रा तथा किशोरीहरुलाई लक्षित गरी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । सञ्चालन हुँदै आएको बाल गृहहरुलाई आवश्यक सहयोग गरिनेछ ।

२५५. बालबालिकाहरुको शारीरिक, मानसिक, बौद्धिक लगायत सर्वाङ्गीण विकास र हीतका लागि आवश्यक कार्य गर्न कानून वमोजिम गठन भएका संस्थागत संरचनाहरु नगर बाल अधिकार समिति, वडा बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समितिहरुलाई थप क्रियाशिल र प्रभावकारी बनाइनेछ । साथै समुदायस्तरीय बाल क्लवहरु गठन तथा पुनर्गठन कार्य निरन्तर गरिनेछ । नगरस्तरीय तथा वडास्तरीय बाल सञ्जालहरुको संस्थागत विकासमा सहयोग गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

२५६. विभिन्न कारणले कठिन परिस्थितिमा रहेका तथा विशेष संरक्षणको आवश्कयता परेका बालबालिकाहरुको संरक्षण, विकास र सर्वोत्तम हितको लागि नगरपालिकामा स्थापना गरिएको बालकोषलाई चालु आ.व. मा स्वीकृत कार्यविधि वमोजिम परिचालन तथा सञ्चालनमा ल्याइनेछ ।

२५७. बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, वेवास्ता र दुर्व्यवहारमा कमी हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।साथै बालबालिकाहरुलाई कुलतमा लाग्नबाट रोक्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

### ज्येष्ठ नागरिक सम्बन्धीः

२५८. ६० बर्ष माथिका एकल पुरुष जेष्ठ नागरिकहरुलाई हाल उपलपब्ध गराउँदै आइएको सामाजिक सुरक्षा भत्ता दरलाई मासिक ५ सय बाट दोब्बर बनाई मासिक १ हजार पुर्याइनेछ ।

२५९. ७५ वर्ष पुरा गरेका ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचार पहुँचको लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

२६०. वडा तथा नगरपालिकास्तरमा गठन गरिएका ज्येष्ठ नागरिक मञ्चहरुको संस्थागत विकास र सवलीकरणमा आवश्यक सहयोग पुर्याइनेछ ।

२६१. जेष्ठ नागरिक परिचय पत्र डिजिटल माध्यमबाट उपलब्ध गराउने कार्यलाई निरन्तरता दिंदै थप प्रभावकारी बनाइनेछ ।

२६२. जेष्ठ नागरिकहरुसंग रहेका ज्ञान, सीप र अनुभवलाई सामाजिक हीतमा उपयोग गरिने व्यवस्था मिलाइनेछ । ज्येष्ठ नागरिकहरुले पाउनु पर्ने सेवा सुविधा तथा छुट सहुलियतको बारेमा वहश, पैरवी गर्ने कार्यमा आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

२६३. जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।साथसाथै घरमा आफ्ना जेष्ठ नागरिक अभिभावकको निस्वार्थ सेवामा समर्पित हुने घरपरिवारका हेरचाहकर्ताहरुलाई विभिन्न सूचकहरुको आधारमा छनौट गरी सम्मान गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ ।

२६४. जेष्ठ नागरिकहरुलाई स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु मार्फत स्वास्थ्य परिक्षण सहितको घरदैलो स्वास्थ्यसेवा उपलब्ध गराइनेछ ।

२६५. जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गर्ने संस्था तथा समुदायलाई आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी तीर्थाटन कार्यक्रम सञ्चालन गरिनेछ ।

## दलित, जनजाति तथा पछाडि पारिएको वर्ग

२६६. दलित समुदायले भोग्नु परेका छुवाछुत, जातिय विभेद र शोषणलाई उन्मुलन गर्न मद्धत पुग्ने खालका सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । विपन्न दलितहरुको जिविकोपार्जन सशक्तिकरणमा टेवा पुग्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । दलित समुदायका युवाहरुलाई परम्मरागत तथा आधुनिक सीपमूलक तालिमहरु उपलब्ध गराई पेशा र व्यवसायमा जोड्ने प्रयास गरिनेछ ।

२६७. निश्चत मापदण्ड र सूचकहरु तयार गरी विपन्न तथा जेहन्दार दलित विद्यार्थीहरुलाई विद्यालय शिक्षा तथा उच्च शिक्षामा विशेष छात्रबृत्ति प्याकेज कार्यक्रम मार्फत सहयोग गरिनेछ ।

२६८. आदिबासी जनजाति लगायत अन्य जातजातिहहरुको रैथाने भाषा, संस्कृति, प्रथा, पराम्परागत ज्ञान र सीपको संरक्षण र प्रवर्द्धनका लागि मागमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।चेपाङ लगायत पछाडि परेका जातजाति र समुदायको उत्थान र विकासको लागि आवश्यक सहयोग गरिनेछ ।

२६९. कुनै एक विद्यालयमा मातृभाषामा पढाई गर्ने कार्यको सम्भाव्यता अध्ययन गरिनेछ ।

२७०. नगरपालिकामा रहेको मानव सेवा आश्रमलाई आवश्यक सहयोग पुर्याइनेछ ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरणः

२७१. सामाजिक सुरक्षा भत्ताको वितरणलाई थप व्यवस्थित, पारदर्शी र लक्षितमुखी बनाउन "सक्नेले छोडौं, नसक्नेलाई जोडौं" अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। यस अभियानमार्फत भत्ताको आवश्यकता नभएका लाभग्राहीलाई स्वेच्छिक रूपमा सामाजिक सुरक्षा भत्ता त्याग गर्न प्रोत्साहित गरिनेछ तथा त्यस्ता व्यक्तिहरूलाई स्थानीय तहबाट सम्मान गरिने व्यवस्था मिलाइनेछ।

२७२. घटना दर्तालाई शत प्रतिशत बनाउनको लागि व्यक्तिगत घटना घटेको ३५ दिन भित्रै निशुल्क दर्ता गर्न वडा कार्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन र नागरिकलाई सुसूचित गरिने कार्य प्रभावकारी बनाइनेछ ।

२७३. Electronic Fund Transfer (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता सोझै सेवाग्राहीको खातामा भुक्तानी दिने प्रणालीलाई निरन्तरता दिइनेछ।

२७४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको हरेक महिना नयाँ नाम दर्ता, लगत कट्टा, परिचयपत्र वितरण गरिनेछ।

२७५. राष्ट्रिय परिचय पत्रमा आधारित विद्युतिय भुक्तानि प्रणालि सहितको जनमुखी सामाजिक सुरक्षा भत्ता वितरणको नीति अवलम्बन गरिने छ।

२७६. ATM, SMS Banking, Mobile Banking लगायत विद्युतिय माध्यमको प्रयोग विस्तार गरि भिडभाड व्यवस्थापन सहित नसक्ने हरुको हकमा घरदैलो कार्यक्रम मार्फत भत्ता वितरण तथा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गरिनेछ।

२७७. अनलाईन विद्युतिय राष्ट्रिय परिचयपत्रमा आधारित एम आइ एस प्रणाली मार्फत व्यवस्थित घटना दर्ता प्रणाली विकासको नीति अवलम्बन गरिनेछ । सबै नगरवासीहरुको राष्ट्रिय परिचयपत्र व्यवस्थापनका लागि जिल्ला प्रशासन तथा राष्ट्रिय परिचयपत्र विभागसँग समन्वय गरि अनिवार्य परिचयपत्र लागू गराउनुका साथै १६ वर्ष मुनीका हरुको जन्मदर्तामा परिचयपत्र सृजना हुने व्यवस्थाको अनिवार्य पालना गराई निरन्तरता दिइनेछ।

२७८. व्यक्तिगत घटना दर्ता प्रकृया सहज बनाउन समुदाय स्तरमा जनचेतनामूलक प्रचारप्रसार र वडास्तरमा घटना दर्ता शिविर सञ्चालन गरिनेछ।

## खानेपानी तथा सरसफाईः

२७९. सबै नगरबासीलाई स्वच्छ पिउने पानीको उपलब्धताको सुनिश्चितता गर्न कार्यमा खानेपानी उपभोक्ता समितिहरुलाई परिचालन गरिनेछ । साथै खानेपानी उपभोक्ता समितिहरुको क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२८०. सवै घरधुरीहरुमा एक घर एक धारा कार्यक्रम पुर्याउने लक्ष्यका साथ खानेपानीका कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै जीर्ण र क्षतिग्रस्त खानेपानी आयोजनाहरुको मर्मत तथा सुधार विस्तार गर्दै लगिनेछ । साथै परम्परागत ढुंगेधारा तथा मूलहरुको संरक्षण गरिनेछ ।

२८१. ठूला प्रकृतिका खानेपानी आयोजनाहरु संघ र विशेष गरी प्रदेशस्तरबाट सञ्चालन गरिने नीति रहेको हुँदा स साना खानेपानी आयोजना र मर्मत सुधारका कार्यक्रमहरु नगरपालिकास्तरबाट कार्यान्वयन गरिने तथा ठूला आयोजनाहरुको लागि संघ र प्रदेशमा सिफारिश गरिनेछ ।

२८२. खानेपानीको शुद्धिकरणको लागि खानेपानी तथा सरसफाइ सेवा प्रदायकहरुको अनुगमनमा जोड दिईनेछ । साथै समुदायस्तर एवम् विद्यालयस्तरमा खानेपानी शुद्धिकरण सम्बन्धी सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२८३. सवै नगरबासीलाई आधारभूत सरसफाई सेवा उपलब्ध गराउनको लागि सरसफाईमा आमा समुह, युवा क्लव तथा टोल विकास संस्थाहरु प्रभावकारी रुपले परिचालन गरिनेछ । पूर्ण सरसफाईको अभियानलाई सफल पार्न स्थानीय गैरसरकारी संस्था तथा सामुदायिक संगठनहरुसंग आपसी सहकार्य गरिनेछ ।

२८४. नगरभित्रका प्रत्येक वडाहरुमा सरसफाई सम्बन्धी वडास्तरीय अभिमुखीकरण सञ्चालन गरिनेछ । साथै नगरपालिकास्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिलाई क्रियाशिल बनाइनेछ ।

## (ग)पूर्वाधार विकास

### सडक, पुल तथा यातायातः

२८५. सडक यातायात नगरपालिकाको पहिलो प्राथमिकताको क्षेत्र रहेको तथा सामाजिक र आर्थिक विकासमा सडकले महत्वपुर्ण योगदान पुर्याउने भएकोले आगामी आर्थिक बर्षमा सडक स्तरोन्नति तथा मर्मत सम्भार कार्यलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

२८६. नगरपालिकाको केन्द्रबाट वडाकेन्द्रसम्म पक्की सडक पुर्याउने लक्ष्यका साथ कार्यक्रम अघि बढाइनेछ । हालसम्म वडा नं १,२, ३, ७, ८ र ९ का वडाकेन्द्रसम्म पक्की सडक पुगिसकेको, वडा नं ६ र १० मा छिट्टै पक्की सडक पुग्ने अवस्था रहेको हुँदा बाँकी वडाहरु क्रमशः ४, ५ र ११ को वडा केन्द्रसम्म पक्की सडक पुर्याउने कार्यलाई पहिलो प्राथमिकतामा राखी बहुवर्षीय ठेक्का प्रणाली मार्फत कार्यान्वयनमा लगिनेछ ।

२८७. नगरको दीर्घकालीन सडक तथा यातायात व्यवस्थापनलाई व्यवस्थित बनाउन मौजुदा नगर यातायात गुरुयोजना (Municipal Transport Master Plan–MTMP) लाई अद्यावधिक गरी नयाँ यातायात गुरुयोजना निर्माण गरिनेछ ।

२८८. संघीय सरकारको ४०% र नगरपालिकको ६० % लागत साझेदारीमा सञ्चालन हुने संघीय समपूरक अनुदान अन्तर्गत क्रमागत रुपमा रहेको चण्डी-गाउँशहर-काउलेपानी-पुरानकोट सडक स्तरोन्नति (२ वर्षे/६ करोड ९५ लाख लागत) आयोजना तथा नयाँ प्राप्त बाख्रेजगतबाट नाल्मा वडा कार्यालयसम्मको सडक स्तरोन्नति (३ वर्षे/रु. ७ करोड लागत अनुमान) आयोजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। यसै गरी प्रदेश समपुरक अनुदान अन्तर्गत गाउँशहर-काउलेपानी-बाख्रेजगत सडक आयोजनाको स्तरीयकरण कार्य गरिनेछ ।

२८९. बेसीशहर नगरपालिका वडा नं ११ वडा केन्द्र अर्थात चितितिलाहारसम्मको सडक पक्की बनाउने कार्यको लागि रिठ्ठेबगर-भकुण्डे- चितितिलाहार सडकको लागि वहुवर्षे ठेक्का आह्वान गर्ने गरी बजेट प्रस्ताव गरिएको छ ।

२९०. संघीय र प्रदेश सरकारबाट नपरेका तथा संघीय तथा प्रदेश सशर्त/समपुरकमा नपरेका मुख्य प्राथमिकताका सडकहरुमा नगरपालिकाबाट बजेट विनियोजन गरिनेछ ।

२९१. नगरपालिकाको केन्द्रबाट सवै वडा कार्यालयहरुसम्मको सडक तथा एम्बुलेन्स जान सक्ने अन्य ग्रामिण सडकहरुलाई पनि समयमै मर्मत सम्भार गरी अविछिन्न रुपमा सञ्चालनमा ल्याइनेछ।

२९२. नगरपालिका र स्थानीय समुदायको लागत साझेदारीमा बेसीशहर बजार क्षेत्रमा निर्माण भएका तथा नगरपालिकाद्वारा निर्माण सम्पन्न गरिएका अन्य कालोपत्रे सडकहरूको प्रभावकारीरुपमा मर्मत-सम्भार कार्य गरिनेछ ।

२९३. सडक अधिकार क्षेत्र, सार्वजनिक जग्गा तथा अन्य सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै अतिक्रमण नियन्त्रण अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

२९४. प्रमुख सडक तथा अन्य पूर्वाधारहरूको नियमित सुरक्षा परीक्षण (Safety Audit) तथा प्राविधिक मूल्याङ्कन गरिनेछ।

२९५. "एक वडा, एक नमूना पूर्वाधार आयोजना" कार्यक्रममार्फत प्रत्येक वडामा कम्तीमा एक दिगो तथा नमूना पूर्वाधार आयोजना कार्यान्वयन गरिनेछ।

२९६. संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतका सडक तथा पूर्वाधार आयोजनाहरू गुणस्तरीय रूपमा समयमै सम्पन्न गरिनेछ।

२९७. बेसीशहर बजारक्षेत्रलाई कच्ची सडक विहीन बनाउने लक्ष्यका साथ नगरपालिकाको ६० र स्थानीय समुदायको ४० प्रतिशत लागत साझेदारीमा बजार तथा बजारोन्मुख क्षेत्रको सडक ढलान/कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२९८. नगरपालिका भित्रका सबै सडकहरुको नियमित तथा आकस्मिक मर्मत सम्भारको लागि सडक मर्मत सम्भार कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

२९९. सडक बोर्ड कार्यक्रम लगायत अन्य निकायहरुसंग लागत साझेदारीका लागि लागत साझेदारी /समपुरक योगदानको लागि बजेट विनियोजन प्रस्ताव गरिएको छ ।

## भवन,आवास तथा बस्ती विकासः

३००. हालसम्म नगरपालिकाको प्रशासकीय भवन बन्न नसकेको तीतो यथार्थ बारे सम्पूर्ण नगरसभा सदस्यज्यूहरु जानकार नै हुनुहुन्छ । यद्यपी प्रशासकीय भवन निर्माणको लागि जग्गा प्राप्ति गर्ने प्रयास निरन्तर जारी राखिनेछ । वडा नं ७ को वडा कार्यालय भवन निर्माणको लागि समेत उपयुक्त जग्गा प्राप्ति गर्ने कार्य अघि बढाई भवन निर्माण कार्य शुरु गरिनेछ ।

३०१. निर्माण कार्य जारी रहेका तथा अधुरो रहेका १० नं वडा कार्यालय भवन, चण्डीस्थान स्वास्थ्य चौकी भवन, रामचोकबेसी र भकुण्डे स्वास्थ्य संस्था भवनलाई आगामी आ.व. २०८३/८४ मा सम्पन्न गरिनेछ ।साथै प्रदेश विशेष अनुदानबाट नाल्मा स्वास्थ्य चौकी भवन निर्माण कार्य आगामी आर्थिक वर्षमा शुरु गरी सम्पन्न गरिनेछ ।

३०२. नगरभित्र आवश्यक स्थानहरूमा यात्रु प्रतीक्षालय, सार्वजनिक शौचालय, बस बिसौनी तथा पार्किङ पूर्वाधार निर्माण एवं विस्तार गरिनेछ। साथै, अपाङ्गमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा बालमैत्री सार्वजनिक भवन निर्माणलाई प्राथमिकता दिइनेछ।

३०३. राष्ट्रिय भवन संहिता तथा भवन निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गरिनेछ। सुरक्षित, व्यवस्थित र वातावरणमैत्री बस्ती विकासलाई प्राथमिकता दिँदै भवन नक्सा पास, निर्माण अनुमति तथा सम्पन्न प्रमाणपत्र प्रणालीलाई पूर्ण रूपमा विद्युतीय बनाइनेछ।

३०४. मुख्य बजार क्षेत्र, पर्यटकीय गन्तव्य तथा सार्वजनिक स्थानहरूमा CCTV, ट्राफिक निगरानी प्रणाली तथा विद्युतीय सुरक्षा व्यवस्थाको विस्तार गरिनेछ। साथै विद्युत, इन्टरनेट तथा दूरसञ्चारका तारहरूलाई क्रमशः व्यवस्थित तथा भूमिगत गर्न नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम लगायतका निकायहरुसंग समन्वय गरिनेछ ।

३०५. खुला स्थान, पार्क, खेलमैदान तथा मनोरञ्जन क्षेत्रहरूको संरक्षण, विकास र सौन्दर्यीकरणमा प्राथमिकता दिईनेछ ।

३०६. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न निजी क्षेत्रसँगको सहकार्यमा चार्जिङ स्टेशन स्थापना तथा विस्तारमा आवश्यक सहयोग पुर्याइनेछ ।

३०७. बेसीशहर-७ मा रहेको जिल्लाकै पहिचान बोकेको सहजी खेलमैदानको स्तरोन्नति तथा लामो समयदेखि अधुरो रहेको कभर्ड हल निर्माणको लागि संघीय र प्रदेश सरकार समक्ष पुनः पहल गरिनेछ ।

३०८. बेसीशहर बजार क्षेत्रको ट्राफिक व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ साथै उद्योग वाणिज्य संघ, यातायात व्यवसायी संघ, टोल विकास संस्था, स्थानीय प्रशासन, युवा क्लव जस्ता सरोकारवालाहरुको समेत सहभागितामा बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तर्जुमा गरिनेछ ।

## विद्युत/ऊर्जाः

३०९. बेसीशहर नगरपालिका वडा नं ४ र ५ मा हालसम्म पश्चिम लमजुङबाट विद्युत उपलब्ध हुँदै आएकोमा उक्त संरचना जीर्ण भएको तथा टाढाबाट ल्याउनु परेको हुँदा पटक पटक लाइन आउने जाने भै वडाबासीहरुले सास्ती खेपिरहुन परेकोले उक्त क्षेत्रमा बेसीशहर क्षेत्रबाट विद्युत सेवा उपलब्ध गराउने कार्यको लागि नगरपालिकाबाट थप पहल गरिनेछ ।

३१०. बेसीशहर नगरपालिका भित्रका बजार क्षेत्र, शहरोन्मुख क्षेत्र तथा कतिपय ग्रामिण क्षेत्रमा पनि सडक बत्तिको माग भइरहेको हुँदा हाल सडक बत्ति  व्यवस्थापन भै रहेका क्षेत्रहरुमा निममित मर्मत सम्भार गरी थप् प्रभावकारी रुपमा सडक वत्ति बाल्ने कार्यलाई निरन्तरता दिने तथा सडक बत्ति विस्तारको लागि आवश्यक कार्य गरिनेछ ।

३११. नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी आवास र बजार क्षेत्रका नांगो विद्युत तारलाई प्लाष्टिक कोटेड गराउने कार्यको लागि पहल गरिनेछ ।

३१२. नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा विद्युत ब्याक अप सिष्टमलाई थप प्रभावकारी बनाइनेछ ।

## सूचना प्रविधि तथा सञ्चारः

३१३. नगरपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरुमा इन्टरनेट सेवा प्रभावकारीरुपमा उपलब्ध गराइनेछ ।

३१४. नेपाल सरकार तथा बिभिन्न संस्थाहरुको सहकार्यमा बेसीशहर नगरपालिका क्षेत्रभित्रका बिद्युत, टेलिफोन, केवल टेलिभिजन, इन्टरनेट लगायतका तारहरु व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ |

३१५. सञ्चार माध्यमहरुको संस्थागत पूर्वाधार सुदृढीकरण तथा क्षमता अभिबृद्धिको लागि लागत साझेदारीमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३१६. साइबर सुरक्षा तथा साइबर अपराध जस्ता संवेदनशील विषयमा नगरवासीहरूलाई जानकारी गराउन सचेतनामुलक कार्यक्रम संचालन गरिनुको साथै नगरवासीहरूलाई प्रविधिको बढ्दो गतिसँग जोड्न डिजिटल साक्षरता सम्बन्धी कार्यक्रम गरिनेछ ।

३१७. नगरपालिकामा सञ्चालित विद्युतीय प्रणालीहरू अद्यावधिक गरी समयानुकूल बनाउँदै लगिनेछ ।

## (घ)वन, वातावरण तथा विपद् व्यवस्थापन

## वन, भू संरक्षण तथा जैविक विविधताः

३१८. सामुदायिक वन तथा वनजन्य क्षेत्रबाट स्थानीय उपभोक्ताले बढी भन्दा बढी लाभ पाउने गरी आयआर्जनमा योगदान पुग्ने क्रियाकलाप सञ्चालन गर्न सामुदायिक वन उपभोक्ता समितिहरुलाई प्रोत्साहन गरिनेछ ।

३१९. जैविक विविधतातर्फ लोपोन्मुख बाली र वनष्पतिको संरक्षण, मानव-वन्यजन्तु द्वन्द्वको न्यूनीकरण, जलाधार क्षेत्रको संरक्षण गरी पानीका मुहान र श्रोतहरु सुक्न नदिने, संरक्षणमा संलग्नहरुलाई उत्प्रेरित गर्ने, जैविक विविधताको संरक्षणमा स्थानीय समुदायको सहभागिता बढाउने, बन डढेलो नियन्त्रण गर्न समुदायलाई अग्रसर गराउने जस्ता कार्य गरिनेछ ।

३२०. खाली र बाँझो नीजि, वन क्षेत्रमा जग्गाहरुमा स्थानीय जलवायु सुहाउँदो फलफूल प्रजातिहरु पहिचान गरी फलफूलका खेती प्रणालीको विकास गर्ने कार्यमा सहयोग पुर्याइनेछ ।

३२१. कच्ची सडकहरुको विस्तारसंगै मनसुनको समयमा पानी पर्ने गतिमा आएको परिवर्तनले हाम्रो पहाडी भिरालो जमिनमा भूक्षय तथा भू स्खलन बढ्दै गएको हुँदा विकास निर्माणमा वातावरणीय पक्षको अध्ययन मूल्याङ्कन गरी विकास निर्माण कार्य अघि बढाइनेछ । साथै वायो इन्जिनियरिङ तथा बाँस अम्रिसो रोपण गरी माटो बग्नबाट रोक्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

## वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनः

३२२. नगरपालिकाको फोहरमैला प्रशोधन केन्द्र संरचना निर्माणको लागि उपयुक्त जग्गा प्राप्ति गरी संरचना निर्माणको शुरुवात गरिनेछ ।

३२३. फोहोरमैलालाई स्रोतमा नै वर्गीकरण गर्ने कार्यलाई जोड दिइनेछ साथै फोहरमैलाको उत्पादन घटाउने, पुन प्रयोग गर्ने तथा पुन चक्रणको सिद्धान्त अनुसार व्यवस्थापन गर्ने नीति लिइनेछ ।

३२४. फोहोरमैला व्यवस्थापन कार्यमा निजी क्षेत्र, टोल विकास संस्था र सामुदायिक समूहहरूसँग सार्वजनिक-निजी-साझेदारी अवलम्बन गरिनेछ।

३२५. नगर क्षेत्र भित्रका सामुदायिक वन क्षेत्र र जैविक विविधताका केन्द्रहरूको संरक्षण र तिनलाई पर्या-पर्यटनसँग आबद्ध गरिनेछ।

३२६. बेसीशहर बजार क्षेत्रको फोहरमैला संकलन र विसर्जन कार्यलाई अविछिन्न रुपमा हुने गरी व्यवस्था मिलाइनेछ । कुहिने फोहरलाई प्राङ्गारिक कम्पोष्ट मल बनाउने तथा कौशी खेतीसंग आवद्ध गरी घरमा नै व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ ।

३२७. बजार क्षेत्रबाट गाउँ पुगी फोहरमा परिणत हुने प्लाष्टिकजन्य, सिसाजन्य तथा इलोक्ट्रोनिक सामाग्रीले भएको प्रदुषण र जोखिमलाई न्यूनीकरण गर्न समुदायलाई यसको उचित व्यवस्थापन गर्नको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनः

३२८. संघीय विशेष अनुदानबाट मध्य मर्स्याङ्दीको जलाशय क्षेत्र वरपर सम्बेदनशील क्षेत्रमा मर्स्याङ्दी नदि तटबन्ध निर्माण गरिनेछ ।

३२९. नगरपालिका क्षेत्र भित्र बाढी पहिरोबाट अति जोखिममा रहेका गाउँ/वस्तीहरुको अवस्था अद्यावधिक गरी सो अवस्था अनुसार आवश्यक सहयोग र प्रतिकार्यको पूर्व तयारी गर्ने व्यवस्था मिलाउनेछ । साथै ती बस्तीहरुमा बर्षातको समयमा थप सतर्कता अपनाउन समुदायलाई अभिप्रेरित गरिनेछ ।

३३०. नगरपालिको आफ्नो क्षेत्राधिकार भित्र वन वातावरण तथा विपद व्यवस्थापन शाखा नियमित कार्यहरु सम्पादन गर्नको लागी एक वन वातावरण तथा विपद व्यवस्थापन शाखा गठन गरिनेछ ।

३३१. नगरप्रहरी, नगरपालिकाको स्वामित्वमा रहेका डोजर, दमकल र एम्बुलेन्स जस्ता विपदमा उपयोग हुने साधनहरुलाई चालु हालतमा राखि आवश्यकतानुसार तुरुन्त परिचालन गराइनेछ । साथै नगरपालिकाभित्र घट्ने विपदजन्य घटनाबाट प्रभावित हुनेहरुलाई उद्दार, राहत तथा पुनर्स्थापनाको व्यवस्था मिलाइनेछ ।

३३२. यस नगरपालिकामा घट्न सक्ने विपदजन्य घटनाहरुको उद्धार कार्यलाई प्रभावकारी बनाउन ११ वटै वडा भित्र रहेका युवा क्लब, टोल सुधार समिति, महिला सञ्जाल युवा वर्ग लगायतका समूह र समितिहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

३३३. समुदायस्तरसम्म विपद पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकासका लागि सचेतनामूलक तथा क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ । विपद्को समयमा खोज, राहत तथा उद्धारका लागि सुरक्षा निकायहरू तथा स्थानीय स्वयंसेवकहरु तुरुन्त परिचालित हुने व्यवस्था मिलाइनेछ । साथै नगरपालिकाको आपतकालिन कार्यसञ्चालन केन्द्रलाई साधनश्रोत सम्पन्न बनाइनेछ ।

३३४. जलजन्य प्रकोप नियन्त्रण तथा भूक्षय नियन्त्रणको लागि तारजाली उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। साथै मर्स्याङदी जलाशय क्षेत्र, पुमा खोला, मजुवा खोला, खहरेखोला, धुवाँखोला लगायतका खोलानालाहरुको तटबन्ध निर्माण कार्यमा संघ तथा प्रदेश मातहतका कार्यालयहरुसंग आवश्यक समन्वय गरिनेछ ।

३३५. जलवायु परिवर्तनले कृषि, ऊर्जा, पर्यटन, स्वाथ्य, जैविक विविधता आदि क्षेत्रमा ल्याउने प्रतिकुल प्रभावका बारे जनचेतना अभिबृद्धि गरी जलवायुजन्य विपत्तिबाट हुने हानी नोक्सानीलाई न्यूनीकरण गरिनेछ ।

३३६. जलवायु परिवर्तनबाट परेका असर र प्रभावलाई न्यूनीकरण तथा अनुकुलनका लागि योजना तर्जुमा गरी स्थानीय समुदायको उत्थानशील क्षमता विकास कार्यमा सहयोग पुर्याइनेछ ।

## (ङ)संस्थागत विकास र सुशासन

### नीति, न्याय र कानून

३३७. न्यायिक समितिमा दर्ता हुन आउने उजुरीहरुलाई मेलमिलापको माध्यमबाट सरल, सहज र छिटोछरितो निरुपण गर्ने प्रवन्ध मिलाइनेछ ।

३३८. वडा कार्यलयमा स्थापना भएका मेलमिलाप केन्द्रहरुको थप स्तरोन्नति गरी सम्बन्धित वडा कार्यालयबाट नै विवादको समाधानको वैकल्पिक विधिद्वारा विवाद समाधान गर्ने अधिकतम प्रयास गरिनेछ। यसको लागि मेलमिलापकर्तालाई उचित पारिश्रमिकको व्यवस्था मिलाइनेछ ।

३३९. आम नगरवासीमा न्यायमा पहुँचको दायरा फराकिलो बनाउन र कानून तथा न्याय सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने अभिप्रायले "समुदायमा न्यायिक समिति" कार्यक्रम सञ्चालन गरिनेछ।

३४०. नगरपालिकामा रहेको इजलास सँगै मेलमिलाप कक्षको निर्माण गरिनेछ।

३४१. न्यायिक समितिद्वारा सम्पादन गरिएका विवाद निरुपणका विषयमा अनुभव, ज्ञान तथा सिप आदान प्रदान गर्न अन्य पालिकाको न्यायिक समितिसँग "असल अभ्यास आदान प्रदान कार्यक्रम" सञ्चालन गरिनेछ।

३४२. नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानूनहरुको आवश्यकतानुसार संशोधन ,परिमार्जन तथा एकीकरण गरिनेछ र जारी भएका कानूनहरुको एकीकृत संगालो प्रकाशन गरिनेछ। नगरपालिकालाई आवश्यक पर्ने समय सापेक्ष कानूनहरुको निर्माण

गर्दै लगिनेछ। साथै हालसम्म पारित भएका कानूनहरु मध्ये प्रकाशन हुन बाँकी रहेका कानूनहरुको यथाशिघ्र प्रकाशन गरिनेछ।

३४३. विधायन समितिलाई कानून निर्माण प्रकृयामा थप सक्रिय बनाईनेछ। त्यसका लागि विधायन समिति र सम्बन्धित शाखाका कर्मचारीहरुलाई कानून निर्माण सम्बन्धि क्षमता अभिवृद्धि गरिनेछ।

## सुशासन, सङ्गठन तथा संस्थागत क्षमता विकासः

३४४. सार्वजनिक निर्णय प्रक्रिया, बजेट कार्यान्वयन र वित्तीय परिचालनमा पूर्ण पारदर्शिता, लोकतान्त्रिक जवाफदेहिता र सदाचारिता अवलम्बन गरिनेछ।

३४५. नगरसभा, कार्यपालिका र विषयगत समितिबीचको समन्वय तथा अन्तरसम्बन्ध सुदृढ गर्दै कानून तर्जुमा, संशोधन र कार्यान्वयन प्रक्रियालाई छिटो, गुणस्तरीय र परिणाममुखी बनाइनेछ । योजना निर्माण प्रक्रियालाई सहभागितामूलक, समावेशी र तथ्यमा आधारित बनाउँदै लगिनेछ ।

३४६. नगर कार्यपालिका र नगर सभा अन्तर्गतका सम्पूर्ण विषयगत समितिहरू (जस्तैः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, सुशासन समिति आदि) लाई स्रोत, साधन र स्पष्ट कार्यविधि प्रदान गरी थप क्रियाशील, उत्तरदायी र परिमाणमुखी बनाइनेछ।

३४७. सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS V2) मार्फत कार्यालयमा रहेका सम्पूर्ण चल तथा अचल सम्पत्तिको अद्यावधिक अभिलेख राख्ने तथा सम्पत्ति कोडिङ गरिनेछ । साथै यस प्रणालीलाई ११ वटै वडामा विस्तार गरिनेछ ।

३४८. जिन्सी निरीक्षणलाई प्रभावकारी बनाई नगरपालिकाको स्वामित्वमा रहेका सम्पूर्ण जिन्सी मालसामान तथा सम्पतिको अभिलेखलाई चुस्त दुरुस्त बनाइनेछ। साथै जिन्सी निरीक्षण प्रतिवेदनबाट लिलाम गर्नुपर्ने भनि तोकिएका जिन्सी सामानहरु प्रचलित कानुन बमोजिम लिलाम प्रक्रियामा लगिनेछ ।

३४९. सङ्घीय सरकारको "डिजिटल नेपाल फ्रेमवर्क" र प्रादेशिक "डिजिटल गण्डकी गुरुयोजना" को रणनीतिक दिशानिर्देशलाई पूर्ण रूपमा आत्मसात् गर्दै बेसीशहरलाई "डिजिटल नगरपालिका" मा रूपान्तरण गरिँदै लगिनेछ ।

३५०. सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहलाई छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउन, प्रशासनिक कार्यसम्पादनलाई नतिजामुखी बनाउन साथै "एक पटकको विवरण सबै सेवामा प्रयोग"को उद्वेश्यले नगरपालिकाले विकास गरेको एकीकृत सेवा व्यवस्थापन प्रणालीलाई (ई-गभर्नेन्स) सुदृढ गरिनेछ र क्रमश नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरुलाई यसमा आवद्ध गरिँदै लगिनेछ र सबै नगरबासीको पहुँचमा पुर्याइनेछ ।

३५१. नगरपालिकामा सेवा प्रवाहलाई गुणस्तरीय एवम् छिटोछरितो बनाउन "एकल सेवा केन्द्र"को स्थापना गरिनेछ । डिजिटल हस्ताक्षर, अनलाईन सेवा र समयवद्ध निर्णय प्रणालीमार्फत नागरिकलाई लाइन, झन्झट र अनुपयुक्त मध्यस्थताबाट मुक्त गरिनेछ ।

३५२. स्थानीय तहबाट प्रदान गरिने सेवा, योजना तथा जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरूलाई नागरिकको घरदैलोमै पहुँचयोग्य, सरल, छिटो र प्रभावकारी बनाउन वडा तथा वस्तीस्तरमा नियमित रूपमा घुम्ती सेवा तथा शिविर सञ्चालन गरिनेछ।

३५३. संगठन तथा व्यवस्थापन सर्वेक्षण राष्ट्रिय मापदण्ड, २०८२ अनुरुप नगरपालिकाको प्रशासनिक संरचनालाई आवश्यकता, कार्यबोझ र सेवा प्रवाहको प्रकृति अनुसार पुनर्संरचना गरी सक्षम, मितव्ययी र परिणाममुखी बनाइनेछ ।

३५४. स्थानीय प्रशासनमा भ्रष्टाचार, अनियमितता र ढिलासुस्तीप्रति 'शून्य सहनशीलता' (Zero Tolerance) को नीति लिइनेछ। सदाचार प्रवर्द्धन र भ्रष्टचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टचार गर्ने र गराउने सबैलाई कानूनको दायरामा ल्याइनेछ ।

३५५. कर्मचारीहरुको ICT सम्बन्धी क्षमता विकास गरी सरकारी कामकाजमा कृत्रिम बुद्धिमत्ता (एआई) लगायत प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहको समय र लागत घटाउन जोड दिइनेछ ।

३५६. आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न जोड दिइनेछ ।

३५७. प्रशासनिक जवाफदेहिता र सुशासनको संस्थागत विकासका लागि आगामी आर्थिक वर्षको सुरुमै नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा/उपशाखा प्रमुखहरूबीच र वडा सचिवहरूबीच स्पष्ट र मापनयोग्य सूचक (KPI) सहितको कार्यसम्पादन सम्झौता गरिनेछ। सोही सम्झौताको अर्धवार्षिक र वार्षिक प्रगतिका आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।

३५८. जनप्रतिनिधि र कर्मचारीको नैतिक व्यवहार र क्षमता सुदृढीकरणका लागि नियमित रूपमा सदाचार तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३५९. कार्यालयमा आउने सेवाग्राहीहरू, विशेष गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र पिछडिएका वर्गको सहायताका लागि स्थापित "नागरिक सहायता कक्ष" लाई व्यवस्थित गरिनेछ। सेवाग्राहीलाई विना अलमल छिटो सेवा दिन सहायता कक्षमा छुट्टै "सहजकर्ता कर्मचारी" तोकी परिचालन गरिनेछ।

## वित्तीय सुशासन, पारदर्शिता र उत्तरदायित्व

३६०. नगरपालिकाको आन्तरिक आय, सङ्घीय तथा प्रादेशिक अनुदान, चालु तथा पूँजीगत खर्च र आकस्मिक कोषको समेत मासिक आय-व्यय विवरण प्रत्येक महिना समाप्त भएको सात दिनभित्र नगरपालिकाको आधिकारिक वेबसाइट मार्फत अनिवार्य रूपमा सार्वजनिक गरिनेछ।

३६१. नगरपालिकामा हुने सार्वजनिक खर्च व्यवस्थापनलाई विधिसम्मत बनाउदै कुल खर्चमा बेरुजु प्रतिशत घटाउँदै लगिनेछ । बेरुजु सम्परीक्षणलाई प्राथमिकतामा राखी छुट्टै बेरुजु सम्परीक्षण कार्यदल गठन गरी परिचालन गरिनेछ ।

३६२. नगरपालिकाको वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाईनेछ। सार्वजनिक स्रोत साधनको प्रभावकारी, सक्षम र न्यायोचित परिचालन गरिनेछ ।

३६३. कर्मचारीहरुको पारिश्रमिकमा नेपाल सरकारले बृद्धि गरे सरह नै बृद्धि गरिनेछ । नगर प्रहरी तथा सहायक कम्प्युटर अपरेटरहरुको तलब, भत्ता र अन्य सेवासुविधा सम्बन्धित तह, पद तथा सेवाको प्रकृति अनुसार नेपाल सरकार तथा प्रचलित कानुनले निर्धारण गरे बमोजिम उपलब्ध गराइनेछ । कर्मचारीहरुको मनोबल बृद्धि हुने गरी उत्प्रेरणात्मक तथा प्रोत्साहनमूलक कार्यहरु गरिनेछ ।

३६४. नगरपालिकाको वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाईनेछ । सार्वजनिक स्रोत साधनको प्रभावकारी, सक्षम र न्ययोचित परिचालन गरिनेछ ।

३६५. लोकतान्त्रिक जवाफदेहिताका लागि नियमित सार्वजनिक सुनुवाई (Public Hearing) आयोजना गरिनेछ। साथै टोल विकास संस्थाका संयोजकहरुलाई अभिमुखीकरण कार्यक्रम मार्फत क्षमता अभिबृद्धि गरिनेछ ।

३६६. नागरिकले घरमै बसी मोबाइल एप वा अनलाइन पोर्टल मार्फत गुनासो दर्ता गर्न सक्ने र सोको कारबाहीको अवस्था (Tracking Status) हेर्न सक्ने व्यवस्था सहित विकास गरिएको गुनासो व्यवस्थापन प्रणालीलाई सुदृढ गर्दै सम्पूर्ण नागरिकको पहुँचमा पुऱ्याइनेछ र जुनसुकै माध्यमबाट आएका गुनासोहरुलाई तुरुन्तै सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ ।

३६७. नगरपालिकाका सम्पूर्ण प्रमुख गतिविधिहरु समेटेर त्रैमासिक रूपमा "बेसीशहर बुलेटिन" प्रकाशन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

३६८. नगरपालिका तथा अन्य निकायहरुबाट जारी हुने सूचनाहरु स्थान अनुसार माइकिङ, मेसेज तथा सामाजिका सञ्जालका माध्यमहरु मार्फत समयमै सबै नगरबासीहरुको पहुँच अभिबृद्धि गरिनेछ।

३६९. सार्वजनिक खरिद सम्बन्धी कार्यमा नियमितता, मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिता अभिबृद्धि गरिनेछ ।

### तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापनः

३७०. बेसीशहर नगरपालिका र देश विदेशका समकक्षी स्थानीय तहहरु विच भगिनी सम्बन्ध कायम गरी विकास निर्माण, सेवा प्रवाह, संस्कृति लगायत असल अभ्यासहरुको आदान प्रदान गरिनेछ ।

३७१. तथ्याङ्क प्रणालीलाई सुदृढ गरी तथ्यपरक नीति निर्माण पद्धति अवलम्बन गरिनेछ । बहुवर्षीय तथा सालबसाली आयोजनाको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरी कार्यान्वयनमा जवाफदेहिता र गुणस्तर सुनिश्चित गरिनेछ ।

३७२. गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई नगरपालिकाको नीति तथा कार्यक्रमहरुसंग तादात्म्यता मिलाई बजेटमा समावेश गरी साझेदारी तथा समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३७३. उपलब्ध भएका तथ्याङ्कहरुलाई विश्लेषण गरी योजना तथा कार्यक्रम तर्जुमा गर्दा तथ्य तथ्याङ्कहरुको आधारमा तर्जुमा गर्ने परिपाटीको विकास गरिनेछ ।

३७४. नगरपालिकाबाट कार्यान्वयन हुने सवै आयोजना तथा कार्यक्रमहरुको नगरपालिकास्तरीय अनुगमन समितिबाट अनुगमन गरिने व्यवस्था मिलाइनेछ। नगरपालिकाको आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले आयोजना/कार्यक्रम सम्पन्न भए वास्तविक रुपमा सार्वजनिक परीक्षण गर्ने परिपाटीलाई कडाइका साथ पालना गराइनेछ। आयोजनास्थलमा अनिवार्यरुपमा आयोजना सूचना पाटी (होर्डिङबोड) राख्ने व्यवस्था मिलाइनेछ ।

### सभाध्यक्षज्यू एवम् नगरसभा सदस्यज्यूहरु,

३७५. उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ८६ करोड ४१ लाख २९ हजार ९० खर्च हुने अनुमान गरिएको छ जुन बजेट चालु आ.व.को प्रस्तावित अनुमान भन्दा १०.०९% ले तथा संशोधित अनुमानभन्दा ४.६५% ले बढी हो ।

३७६. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरुमा आन्तरिक श्रोत, संघीय राजश्व तथा प्रदेश राजश्वबाट रु. ३१ करोड ८० लाख ५४ हजार ९० (३६.८१%) संघीय तथा प्रदेश समानीकरण अनुदानबाट १५ करोड ०१ लाख ७५ हजार, (१७.३८%) संघीय तथा प्रदेश सशर्त, समपुरक विशेष अनुदान (विविध समेत) बाट गरी रु. ३९ करोड ५९

लाख (४५.८१%) रहेको व्यहोर्ने व्यवस्था मिलाइएको छ । खर्च व्यहोर्ने श्रोतहरुको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ ।

३७७. विनियोजित बजेटको क्षेत्रगत विनियोजन देहाय बमोजिम प्रस्ताव गरिएको छ ।

१.**आर्थिक विकासतर्फः**(कृषि, पशु, पर्यटन,सिंचाई, सीप विकास, श्रम, रोजगार,उद्यमशिलता,गरिबी निवारण, उद्योग, व्यवसाय, भूमि व्यववस्था, सहकारी, वित्तिय सेवा) ४ **करोड ३१ लाख ०४ हजार**

२.**सामाजिक विकासतर्फः**(शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई, भाषा कला साहित्य, युवा खेलकुँद तथा नवप्रवर्तन,सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा र पञ्जिकरण) **३६ करोड ८९ लाख ९८ हजार**

३.**पूर्वाधार विकासतर्फः**(सडक, सडक पुल, झोलुङ्गेपुल, भवन, शहरी पूर्वाधार, आवास तथा बस्ती विकास,ऊर्जा जलश्रोत तथा सञ्चार) **२३ करोड ९४ लाख ७६ हजार ९०**

४.**वन, वातावरण र विपद् व्यवस्थापनतर्फः**( वन,भू संरक्षण तथा जैविक विविधता, वातावरण तथा फोहरमैला व्यस्थापन, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुनल) ४ **करोड ०४ लाख २६ हजार**

५. **संस्थागत विकास र सुशासनतर्फः**(नीति, कानून न्याय तथा सुशासन, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह, संगठन तथा क्षमता विकास, राजश्व तथा श्रोत परिचालन, तथ्याङ्क प्रणाली र विकास व्यवस्थापन) **१७ करोड २१ लाख २५ हजार**

**नगर सभासदस्यज्यूहरु,**

३७८. चालु आ.व. २०८२/८३ को संशोधित बजेटको तुलनामा आगामी आ.व.२०८३/८४ को प्रस्तावित बजेट ३ करोड ८४ लाख २६ हजार १६३ ले बढी रहेको छ । राजश्व संकलनमा आउने चुनौतीहरुलाई अवसरमा रुपान्तरण गर्दै आगामी आ.व मा लक्ष्य वमोजिम नै राजश्व संकलन गर्न सफल हुने विश्वास लिएको छु ।

३७९. आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्च, चालु आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित तथा संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०८३/८४ को स्रोत सहितको व्यय अनुमान यसैसाथ पेश गरेको छु। अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु।साथै आन्तरिक आयको शिर्षकगत अनुमान समेत यसै साथ पेश गरेको छु । नगरपालिका र वडास्तरीय आयोजना तथा कार्यक्रमहरुको साथै सशर्त अनुदानतर्फका आयोजना तथा कार्यक्रमहरुको विस्तृत विवरण नगरसभाको आगामी बैठकमा पेश हुने व्यहोरा समेत जानकारी गराउँदछु । संघीय र प्रदेशतर्फका योजना तथा कार्यक्रमहरुसंग दोहोरोपना नहुने गरी नगरपालिकाको आयोजना तथा कार्यक्रमहरु तय गरिनेछ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष २०८३/८४ का लागि राजश्वका नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

३८०. स्थानीय जनता, सेवाग्राही, करदाता तथा व्यवसायीको गुनासा/सुझावहरुलाई मध्यनजर गर्दै नगरपालिकाबाट लिईने करका दररेटहरुमा घटबढ र परिवर्तनहरु गरिएका छन् ।

३८१. समयानुकूल आबस्यकता र स्थान वर्गीकरण गरी करका दरहरु मिलाईएको छ । सम्पत्ती करको मूल्यांकन दरको अन्तर घटाईएको छ । साथै, भूमीकरको दरहरुमा हेरफेर गरी शहरी क्षेत्र, शहरोन्मुख क्षेत्र र ग्रामीण क्षेत्र उल्लेख गरी दरहरु मिलाईएको छ ।

३८२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयतहलाई सम्पतीकर, भुमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, जडिबुटी कवाडी र जीवजन्तु कर, सेवा शुल्क, प्राकृतिक श्रोत ढुङ्गा, गिटी, बालुवा, विक्री, लगायतबाट कर तथा शुल्क लगाई आन्तरिक श्रोत संकलन गर्न पाउने अवस्था छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, विद्युत रोयल्टी र वन रोयल्टी समेत स्थानीय तहलाई प्राप्त हुनेछ ।

३८३. स्थानीय सरकाको क्षेत्रभित्रका करका आधार फराकिलो बनाउने, करको दायरामा नआएकालाई दायरामा ल्याई कर तथा गैर कर राजश्वको अधिकतम परिचालन गर्ने नीति लिइएको छ । कर प्रशासनलाई तथ्याङ्कमा आधारित, सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाउदै लगिनेछ ।

**नगर सभासदस्यज्यूहरु !**

३८४. यस नीति, कार्यक्रम तथा बजेट तर्जुमाको सिलसिलामा प्रत्यक्ष वा परोक्ष रुपमा महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने तथा सघाउ पुर्याउनुहुने सवै जनप्रतिनिधिज्यूहरु, बुद्धिजीवी. समाजसेवी, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, नागरिक समाजका अगुवाहरु, विभिन्न संघसंस्थाहरु, विभिन्न समुह सञ्जाल, विभिन्न समितिहरु, कर्मचारी एवम् आम नागरिक तथा सरोकारवाला सवैप्रति नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।साथै यहाँहरुबाट छलफलको क्रममा आउने रचनात्मक सुझावहरुलाई समेटेर नीति, कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिइने व्यहोरा समेत अनुरोध गर्दछु । धन्यवाद ।

असार १०, २०८३

बेसीशहर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय बेसीशहर लमजुङ

## आ.व.२०८१/८२ को यथार्थ आय, चालु आ.व. २०८२/८३ को अनुमानित तथा संशोधित आय र आ.व. २०८३/८४ को प्रस्तावित आय विवरण

| सि.न. | शिर्षक | गत आ.व.२०८१/०८२ को यथार्थ आय रु. | चालु आ.व.२०८२/०८३ को प्रस्तावित आय अनुमान रु. | चालु आ.व.२०८२/०८३को संशोधित आय अनुमान रु. | आ.व.२०८३/०८४ को प्रस्तावित आय अनुमान रु. |
|---|---|---|---|---|---|
| क | राजश्व : | | | | |
| १ | आन्तरिक श्रोत | ३२३३८०४९.३७ | ३५१४५०००.०० | ३५१४५०००.०० | ३६५०००००.०० |
| २ | स्थानीय राजश्व | २३६५४३९५.०५ | २५४२००००.०० | २५४२००००.०० | ३०३०००००.०० |
| ३ | सँघिय राजश्व वाडफाडबाट प्राप्त रकम | १२७२८०५१६.८८ | १२५७७१८४१.०० | १२५७७१८४१.०० | १३६६६६०००.०० |
| ४ | प्रदेश राजश्व वाडफाडबाट प्राप्त रकम | १४३१७५५८.४२ | १४५८६०००.०० | १४५८६०००.०० | १४५८८०९०.०० |
| ५ | अन्य आय(बैंक खाताको मौज्दात) | ४४५८०२२३.१६ | २५००००००.०० | ६८३११०८६.७६ | १०००००००.०० |
| | **जम्मा** | **२४२१७०७४२.८८** | **२२५९२२८४१.००** | **२६९२३३९२७.७६** | **३१८०५४०९०.००** |
| ख | अन्तर सरकारी वित्तियहस्तान्तरण | | | | |
| १ | नेपाल सरकारबाट प्राप्त | ४७३०७०४६५.०० | ५२१४०००००.०० | ५१८९०००००.०० | ५०८५०००००.०० |
| २ | प्रदेश सरकारबाट प्राप्त | २३८०२४६५.०० | २७५६९०००.०० | २७५६९०००.०० | २७५७५०००.०० |
| ३ | तहबाट प्राप्त | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | विविध कार्यक्रम(सडक बोर्ड) | ६२३२३२३.९० | १००००००००.०० | १००००००००.०० | १००००००००.०० |
| | **जम्मा** | **५०३१०५२५३.९०** | **५५८९६९०००.००** | **५५६४६९०००.००** | **५४६०७५०००.००** |
| ग | जनसहभागिता | | | | |
| १ | नगद सहभागिता | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २ | श्रम तथा वस्तु सहायता | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | कुल जम्मा | ७४५२७५९९६.७८ | ७८४८९१८४१.०० | ८२५७०२९२७.७६ | ८६४१२९०९०.०० |

बेसीशहर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय बेसीशहर लमजुङ

# आ.व.२०८१/८२ को यथार्थ खर्च, चालु आ.व. २०८२/८३ को अनुमानित तथा संशोधित व्यय र आ.व. २०८३/८४ को प्रस्तावित व्यय विवरण

| सि.न. | शिर्षक | गत आ.व.०८१/०८२ को यथार्थ व्यय | चालु आ.व.२०८२/०८३ को व्यय अनुमान | चालु आ.व.२०८२/०८३ को संशोधित व्यय अनुमान | आ.व.२०८३/०८४ को व्यय अनुमान |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाको निशर्त तर्फ | ३११,५७७,२१६.१२ | ३७४,२९१,८४१.०० | ४१७,६०२,९२७.७६ | ४६८,२२९,०९०.०० |
| २ | संघीय सशर्त अनुदान | २८४,७९१,०३०.३३ | ३६७,७००,०००.०० | ३६५,२००,०००.०० | ३३२,१००,०००.०० |
| ३ | संघीय समपुरक अनुदान | २६,८१४,३४१.०० | ९,०००,०००.०० | ९,०००,०००.०० | २५,८००,०००.०० |
| ४ | संघीय विशेष अनुदान | ४,९०८,६४२.०० | १३,९००,०००.०० | १३,९००,०००.०० | १८,०००,०००.०० |
| ५ | प्रदेश सशर्त अनुदान | - | - | - | - |
| ६ | प्रदेश समपुरक अनुदान | ३,९२३,४६५.०० | ६,०००,०००.०० | ६,०००,०००.०० | ६,०००,०००.०० |
| ७ | प्रदेश विशेष अनुदान | - | ४,०००,०००.०० | ४,०००,०००.०० | ४,०००,०००.०० |
| | जम्मा | ६३२०१४६९४.४५ | ७७४८९१८४१.०० | ८१५७०२९२७.७६ | ८५४१२९०९०.०० |
| १ | विविध कार्यक्रम | ५८०२८५८१.१० | १०,०००,०००.०० | १०,०००,०००.०० | १०,०००,०००.०० |
| २ | बैंक मौज्दात | - | - | - | - |
| | कुल जम्मा | ६९००४३२७५.५५ | ७८४८९१८४१.०० | ८२५७०२९२७.७६ | ८६४१२९०९०.०० |

# बेसीशहर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय बेसीशहर लमजुङ

## आ.व.२०८१/०८२ को यथार्थ, आ.व.२०८२/०८३ को प्रस्तावित तथा संशोधित आय र आ.व.२०८३/०८४ को अनुमानित आय विवरण (विस्तृत)

| रा.सि.न. | शिर्षक | चालु आ.व.२०८१/०८२ को यथार्थ आय | चालु आ.व.२०८२/०८३ को प्रस्तावित आय अनुमान | चालु आ.व.२०८२/०८३ को संशोधित आय अनुमान | आ.व.२०८३/०८४ को प्रस्तावित आय अनुमान |
|---|---|---|---|---|---|
| | राजश्व | | | | |
| क-१ | आन्तरिक राजश्व | | | | |
| ११३०० | सम्पत्तिकर | | | | |
| ११३१० | अचल सम्पत्तिमा लाग्नेकर | | | | |
| ११३१३ | एकिकृत सम्पत्ति कर | ४३०१५२२.३९ | ४००००० | ४०००००० | ४५००००० |
| ११३१४ | भूमिकर /मालपोत | ४१९४८५१.०७ | ४०००००० | ४०००००० | ४५००००० |
| ११३२० | खुद सम्पत्तिमा लाग्ने कर | | | | |
| ११३२१ | घरवहाल कर | ७८३६०२२.७९ | १००००००० | १००००००० | ११०००००० |
| ११३२२ | वहाल विटैरी कर व्यवसाय कर | १५०००.०० | ५००००.०० | ५००००.०० | ५००००.०० |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | ३५८६१०.०० | ३३५००० | ३३५००० | ३५०००० |
| ११४७० | मनोरन्जन कर | | | | |
| ११४७९ | अन्य मनोरन्जन कर | २००००.०० | ०.०० | ०.०० | ०.०० |
| ११६३० | कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर | | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | १७९१२०.०० | ३५०००० | ३५०००० | ३५०००० |

| रा.सि.न. | शिर्षक | चालु आ.व.२०८१/०८२ को यथार्थ आय | चालु आ.व.२०८२/०८३ को प्रस्तावित आय अनुमान | चालु आ.व.२०८२/०८३ को संशोधित आय अनुमान | आ.व.२०८३/०८४ को प्रस्तावित आय अनुमान |
|---|---|---|---|---|---|
| ११६९० | **अन्य कर** | | | | |
| ११६९१ | अन्य कर | १९६००.०० | १००००० | १००००० | ० |
| १४१५० | **भाडा र रोयल्टी** | | | | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालकर | १४४९८००.०० | ७००००० | ७००००० | ५००००० |
| १४२२० | **प्रशासनिक सेवा शुल्क** | | | | |
| १४२२१ | न्यायिक दस्तुर | ५८७५.०० | १००००.० | १००००.० | १००००.० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ११२०६६९.६० | १५००००० | १५००००० | १०००००० |
| १४२४० | **दस्तुर** | | | | |
| १४२४१ | पार्किङ शुल्क | ९६६९०.०० | ३००००० | ३००००० | ३५०००० |
| १४२४२ | नक्सापास दस्तुर | १८६१०४७.०७ | २५००००० | २५००००० | ३०००००० |
| १४२४३ | सिफारिस दस्तुर | ३४४८१५५.०० | ३०००००० | ३०००००० | ४०००००० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५२५०८०.०० | ५००००० | ५००००० | ५५०००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ३७१२००.०० | ३०००००० | ३०००००० | १००००० |
| १४२४९ | अन्य दस्तुर | १०५२०७४.२० | १०००००० | १०००००० | १५००००० |
| १४२५० | **अन्य प्रशासनिक दस्तुर** | | | | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३५५५७५०.०० | ३५००००० | ३५००००० | ३५००००० |
| १४२५६ | चालक अनुमति सवारी दर्ता सम्बन्धि दस्तुर | | | | |
| १४३०० | **दण्ड जरिवाना र जफत** | | | | |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | २२१९००.०० | २५०००० | २५०००० | १०००००० |
| १४३१३ | धरौटी सदरस्याहा | ७१३३२०.२५ | | | |

| रा.सि.न. | शिर्षक | चालु आ.व.२०८१/०८२ को यथार्थ आय | चालु आ.व.२०८२/०८३ को प्रस्तावित आय अनुमान | चालु आ.व.२०८२/०८३ को संशोधित आय अनुमान | आ.व.२०८३/०८४ को प्रस्तावित आय अनुमान |
|---|---|---|---|---|---|
| १५११० | विविध प्राप्ति | | | | |
| १५१११ | अन्य राजश्व | ९९१७६२.०० | ५०००० | ५०००० | २४०००० |
| ३२१२२ | आ.व. को अन्तमा सर्ने नगद मौज्दात | ४४५८०२२३.१६ | २५०००००० | ६८३११०८६.७६ | १०००००००० |
| | **जम्मा** | **७६९१८२७२.५३** | **६०१४५०००.००** | **१०३४५६०८६.७६** | **१३६५०००००.००** |
| क-२ | **स्थानीय राजश्व** | | | | |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १८९२४१६६.३६ | १५०००००० | १५०००००० | १५०००००० |
| ११४७२ | विज्ञापन कर | ०.०० | ३७०००० | ३७०००० | २४०००० |
| १४१५७ | प्राकृतिक श्रोत उपयोगकर ढुँगा/ वालुवा/गिट्टी | ४७३०२२८.६९ | १०००००००० | १०००००००० | १५०००००० |
| | मनोरन्जन कर | ०.०० | ५०००० | ५०००० | ६०००० |
| | **जम्मा** | **२३६५४३९५.०५** | **२५४२००००.००** | **२५४२००००.००** | **३०३०००००.००** |
| क-३ | **प्रदेश राजश्व वाडफाड** | | | | |
| ११४५६ | प्रदेश राजश्व वाडफाड (सवारी साधन कर ) | १४३१७५५८.४२ | १४५८६००० | १४५८६००० | १४५८८०९० |
| | **जम्मा** | **१४३१७५५८.४२** | **१४५८६०००.००** | **१४५८६०००.००** | **१४५८८०९०.००** |
| क-४ | **संघीय राजश्व वाडफाड** | | | | |
| ११४११ | सँघिय राजश्व वाडफाड मू.अ.कर कर) | ७२३९०९३६.४१ | १००७२१८४१ | १००७२१८४१ | ७३१९६००० |
| ११४२१ | सँघिय राजश्व वाडफाड अन्तशुल्क कर) | ३१२५१९५२.५४ | | | ३१३७०००० |
| १४१५६ | जलविद्युत रोयल्टी | २३५९७५०३.७७ | २५०००००० | २५०००००० | ३२०००००० |
| १४१५३ | वन रोयल्टी | ४०१२४.१६ | ५०००० | ५०००० | १००००० |
| | **जम्मा** | **१२७२८०५१६.८८** | **१२५७७१८४१.००** | **१२५७७१८४१.००** | **१३६६६६०००.००** |

| रा.सि.न. | शिर्षक | चालु आ.व.२०८१/०८२ को यथार्थ आय | चालु आ.व.२०८२/०८३ को प्रस्तावित आय अनुमान | चालु आ.व.२०८२/०८३ को संशोधित आय अनुमान | आ.व.२०८३/०८४ को प्रस्तावित आय अनुमान |
|---|---|---|---|---|---|
| क-५ | अन्य आय | | | | |
| क-५-१ | साविक स्थानीय निकायबाट हस्तान्तरण भइ प्राप्त रकम | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | जम्मा | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | | |
| ख-१ | नेपाल सरकारबाट प्राप्त अनुदान | | | | |
| ख-१-१ | वित्तिय समानिकरण अनुदान | ११९८३८५६०.०० | १३०८००००० | १३०८००००० | १३२६००००० |
| ख-१-२ | सशर्त अनुदान | ३१९२०२०००.०० | ३६७७००००० | ३६५२००००० | ३३२१००००० |
| ख-१-३ | समपुरक अनुदान | २७३४५२६३.०० | ९०००००० | ९०००००० | २५८००००० |
| ख-१-४ | विशेष अनुदान | ६६८४६४२.०० | १३९००००० | १३९००००० | १८०००००० |
| | जम्मा | ४७३०७०४६५.०० | ५२१४०००००.०० | ५१८९०००००.०० | ५०८५०००००.०० |
| ख-२ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | | |
| ख-२-१ | वित्तिय समानिकरण अनुदान | १७८७९०००.०० | १७५६९००० | १७५६९००० | १७५७५००० |
| ख-२-२ | सशर्त अनुदान | ०.०० | ० | ० | ० |
| ख-२-३ | समपुरक अनुदान | ३९२३४६५.०० | ६०००००० | ६०००००० | ४०००००० |
| ख-२-४ | विशेष अनुदान | २००००००.०० | ४०००००० | ४०००००० | ६०००००० |
| | जम्मा | २३८०२४६५.०० | २७५६९०००.०० | २७५६९०००.०० | २७५७५०००.०० |
| ख-३ | अन्य स्थानीयतहबाट प्राप्त अनुदान | | | | |
| ख-३-१ | सशर्त अनुदान | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख-३-२ | समपुरक अनुदान | ०.०० | ०.०० | ०.०० | ०.०० |

| रा.सि.न. | शिर्षक | चालु आ.व.२०८१/०८२ को यथार्थ आय | चालु आ.व.२०८२/०८३ को प्रस्तावित आय अनुमान | चालु आ.व.२०८२/०८३ को संशोधित आय अनुमान | आ.व.२०८३/०८४ को प्रस्तावित आय अनुमान |
|---|---|---|---|---|---|
| ख-३-३ | विशेष अनुदान | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| **ग-१** | **जनसहभागिता** | | | | |
| ग-१-१ | नगद सहभागिता | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ग-१-२ | श्रम तथा वस्तु सहायता | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| **घ** | **विविध कार्यक्रम** | | | | |
| १ | विविध कार्यक्रम | ६२३२३२३.९० | १०००००००० | १०००००००० | १०००००००० |
| | जम्मा | ६२३२३२३.९ | १०००००००० | १०००००००० | १०००००००० |
| | कुल जम्मा | ७४५२७५९९६.७८ | ७८४८९१८४१.०० | ८२५७०२९२७.७६ | ८६४१२९०९०.०० |

# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय बेसीशहर लमजुङ

### आर्थिक बर्ष २०८३/८४ आय अनुमान तथा आ.व. २०८४/८५ र २०८५/८६ को प्रक्षेपित आय विवरण

| सि.नं | शिर्षक | आ.व.२०८३/८४ को अनुमानित बजेट रु | आ.व.२०८४/८५ को प्रक्षेपित बजेट रु | २०८५/८६ को प्रक्षेपित बजेट रु |
|---|---|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आय | १३६५००००० | १५०१५०००० | १६५१६५००० |
| २ | स्थानीय राजश्व | ३०३००००० | ३३३३०००० | ३६६६३००० |
| २.१ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १५०००००० | १६५००००० | १८१५०००० |
| २.२ | प्राकृतिक श्रोत उपयोग कर | १५०००००० | १६५००००० | १८१५०००० |
| २.३ | विज्ञापन कर | २४०००० | २६४००० | २९०४०० |
| २.४ | मनोरञ्जन कर | ६०००० | ६६००० | ७२६०० |
| ३ | समानीकरण अनुदान/संघीय सरकार | १३२६००००० | १४५८६०००० | १६०४४६००० |
| ४ | राजश्व बाँडफाँड/संघीय सरकार | १३६६६६००० | १५०३३२६०० | १६५३६५८६० |
| ४.१ | मु.अ.कर | ७३१९६००० | ८०५१५६०० | ८८५६७१६० |
| ४.२ | अन्त शुल्क | ३१३७०००० | ३४५०७००० | ३७९५७७०० |
| ४.३ | वन रोयल्टी | १००००० | ११०००० | १२१००० |
| ४.४ | विद्युत रोयल्टी | ३२०००००० | ३५२००००० | ३८७२०००० |
| ५ | समानीकरण अनुदान/प्रदेश सरकार | १७५७५००० | १९३३२५०० | २१२६५७५० |
| ६ | राजश्व बाँडफाँड/प्रदेश सरकार | १४५८८०९० | १६०४६८९९.३३ | १७६५१५८९.२६ |
| | (क) १ देखि ६ सम्म जम्मा | ४६८२२९०९० | ५१५०५१९९९ | ५६६५५७१९९.३ |
| ७ | संघीय सशर्त अनुदान चालु | ३२९१००००० | ३६२०१०००० | ३९८२११००० |
| ८ | संघीय सशर्त अनुदान पूँजीगत | ३०००००० | ३३००००० | ३६३०००० |
| ९ | संघीय विशेष अनुदान पूँजीगत | १८०००००० | १९८००००० | २१७८०००० |
| १० | संघीय समपुरक अनुदान | २५८००००० | २८३८०००० | ३१२१८००० |
| ११ | प्रदेश सशर्त अनुदान | ० | ० | ० |
| १२ | प्रदेश विशेष अनुदान | ४०००००० | ४४००००० | ४८४०००० |
| १३ | प्रदेश समपुरक अनुदान | ६०००००० | ६६००००० | ७२६०००० |
| १४ | अन्य विविध (सडक बोर्ड) | १००००००० | ११०००००० | १२१००००० |
| | (ख) ७ देखि १४ सम्म जम्मा | ३९५९००००० | ४३५४९०००० | ४७९०३९००० |
| | कुल जम्मा क + ख | ८६४१२९०९०.३ | ९५०५४१९९९ | १०४५५९६१९९ |

| वडा बजेट | नगरस्तरीय कार्यक्रम |
|---|---|
| ७२५००००० | ३९५७२९०९० |

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय बेसीशहर लमजुङ

## आर्थिक बर्ष २०८३/८४ को वडागत वजेट सिलिङ विवरण

| वडा नं | कुल बजेट रकम रु. | कुल बजेट रकम अक्षरमा | कैफियत |
|---|---|---|---|
| १ | ६२,८०,००० | बैसठ्ठी लाख असी हजार | |
| २ | ६६,५१,००० | छैसठ्ठी लाख एकाउन्न हजार | |
| ३ | ६३,९९,००० | त्रिसठ्ठी लाख उनान्सय हजार | |
| ४ | ६१,५७,००० | एकसठ्ठी लाख सन्ताउन्न हजार | |
| ५ | ६४,३७,००० | चौसठ्ठी लाख सैतीस हजार | |
| ६ | ६३,६१,००० | त्रिसठ्ठी लाख एकसठ्ठी हजार | |
| ७ | ६८,६७,००० | अठ्सठ्ठी लाख सतसठ्ठी हजार | |
| ८ | ६७,३७,००० | सतसठ्ठी लाख सैतीस हजार | |
| ९ | ६०,१८,००० | साठी लाख अठार हजार | |
| १० | ७३,२३,००० | त्रिहत्तर लाख तेइस हजार | |
| ११ | ७२,७०,००० | बहत्तर लाख सत्तरी हजार | |
| **जम्मा** | **७,२५,००,०००** | **सात करोड पच्चीस लाख** | |

## बेसीशहर नगरपालिका लमजुङ

## गण्डकी प्रदेश,नेपाल

## आ.व. २०८३/८४ को प्रस्तावित क्षेत्रगत रकम विनियोजन विवरण (रकम रु हजारमा)

| क्र.सं | शीर्षक | बजेट रु. हजारमा | | | | |
|---|---|---|---|---|---|---|
| | विवरण | नगरस्तरीय आयोजना तथा कार्यक्रम | वडास्तरीय आयोजना तथा कार्यक्रम | सशर्त | समपुरक/ विशेष/ अन्य | जम्मा |
| १ | आर्थिक विकास | | | | | |
| १.१ | कृषि | ६५४० | १५६० | ६७०० | ० | १४८००.०० |
| १.२ | पशुपंक्षी | ५२५० | ७५ | ८०० | ० | ६१२५.०० |
| १.३ | सिंचाई | २००० | २९०० | ० | ० | ४९००.०० |
| १.४ | पर्यटन तथा संस्कृति | ५१०० | ७५० | ० | ० | ५८५०.०० |
| १.५ | उद्योग,व्यापार तथा व्यवसाय | १२०० | ० | ० | ० | १२००.०० |
| १.६ | श्रम,रोजगारी तथा गरिबी निवारण | ४२२९ | ४०० | ४६०० | ० | ९२२९.०० |
| १.७ | भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवा | १००० | ० | ० | ० | १०००.०० |
| | **आर्थिक विकास जम्मा** | **२५३१९** | **५६८५** | **१२१००** | **०** | **४३१०४** |
| २ | सामाजिक विकास | | | | | |
| २.१ | स्वास्थ्य तथा पोषण | ८०३६ | १७९५ | ४८५०० | ० | ५८३३१.०० |
| २.२ | शिक्षा, भाषा, कला तथा साहित्य | १५००० | २७१९ | २७०७०० | ० | २८८४१९.०० |
| २.३ | युवा, खेलकुँद तथा नवप्रवर्तन | ४५०० | २५५५ | ० | ० | ७०५५.०० |
| २.४ | खानेपानी तथा सरसफाई | २२०० | १०२५ | ० | ० | ३२२५.०० |
| २.५ | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | ७६५० | २९६८ | ३०० | ० | १०९१८.०० |
| २.६ | सामाजिक सुरक्षा तथा पञ्जीकरण | ५०० | ५० | ५०० | ० | १०५०.०० |
| | **सामाजिक विकास जम्मा** | **३७८८६** | **११११२** | **३२००००** | **०** | **३६८९९८** |

आ.व. २०८३/८४ को प्रस्तावित क्षेत्रगत रकम विनियोजन विवरण (रकम रु हजारमा)

| क्र.सं | शीर्षक | बजेट रु. हजारमा | | | | |
|---|---|---|---|---|---|---|
| | विवरण | नगरस्तरीय आयोजना तथा कार्यक्रम | वडास्तरीय आयोजना तथा कार्यक्रम | सशर्त | समपुरक/ विशेष/ अन्य | जम्मा |
| ३ | भौतिक पूर्वाधार | | | | | |
| ३.१ | सडक,पूल तथा यातायात | १०५५२४ | ३३०३० | ० | ४१८०० | १८०३५४.०० |
| ३.२ | भवन,आवास तथा बस्ती विकास | ३४००० | १३६३० | ० | ४००० | ५१६३०.०० |
| ३.३ | जलश्रोत,विद्युत तथा स्वच्छ ऊर्जा | २५०० | ५० | ० | | २५५०.०० |
| ३.४ | सूचना तथा सञ्चार प्रविधि | ४०० | ० | ० | | ४००.०० |
| ३.५ | फुटक योजना तथा कार्यक्रम | १५००.०९० | ३०४२ | | | ४५४२.०९ |
| | भौतिक पूर्वाधार जम्मा | १४३९२४.०९० | ४९७५२.००० | ०.००० | ४५८००.००० | २३९४७६.०९० |
| ४ | वन,वातावरण तथा विपद् व्यवस्थापन | | | | | |
| ४.१ | वन,भूसंरक्षण तथा जैविक विविधता | १००० | ११५० | ०.०० | | २१५०.०० |
| ४.२ | वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन | १६२०० | ० | ०.०० | | १६२००.०० |
| ४.३ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | ३२०० | ८७६ | ०.०० | १८००० | २२०७६.०० |
| | वन,वातावरण तथा विपद् व्यवस्थापन जम्मा | २०४०० | २०२६ | ० | १८००० | ४०४२६ |
| ५ | सुशासन तथा संस्थागत विकास | | | ०.०० | | |
| ५.१ | नीति, कानून, न्याय तथा सुशासन | ११०० | ० | ०.०० | | ११००.०० |
| ५.२ | संगठन तथा क्षमता विकास,जनशक्ति व्यवस्थान र सेवा प्रवाह | १६४३०० | ३९२५ | ०.०० | | १६८२२५.०० |
| ५.३ | राजश्व तथा श्रोत परिचालन | १५०० | ०.०० | ०.०० | | १५००.०० |
| ५.४ | तथ्याङ्क प्रणाली,योजना र विकास व्यवस्थापन | १३०० | ० | ०.०० | | १३००.०० |
| | सुशासन तथा संस्थागत विकास जम्मा | १६८२०० | ३९२५ | ० | ० | १७२१२५ |
| | कुल जम्मा | ३९५७२९.०९ | ७२५००.०० | ३३२१००.०० | ६३८००.०० | ८६४१२९.०९० |